# समष्टिगत आर्थिक तथा वित्तीय स्थायित्व कायम गर्ने नेपाल राष्ट्र बैंकको प्रतिवद्धता*

१. नेपाल राष्ट्र बैंक आज २०६७ साल बैशाख १४ गते आफ्नो स्थापनाको ५४ औं वर्ष पूरा गरी ५५ औं वर्षमा प्रवेश गरेको छ । यो अवस्थामा आइपुग्दा बैंकले अर्थतन्त्रका चुनौतीहरु समाधान गर्दै केन्द्रीय बैंकको भूमिकालाई सशक्त ढंगले अघि बढाउन थालेको छ । यस अवसरमा म बैंकको काम कारवाहीमा सहयोग पुऱ्याउने सम्पूर्ण सहयोगी निकायहरू, मित्रहरू तथा संघ संस्थाप्रति आभार व्यक्त गर्दछु ।

२. उच्च मूल्य वृद्धि, निर्यातमा ह्रास र आयातमा उच्च वृद्धिका कारण चुलिंदो व्यापार घाटा, चालू खाता तथा शोधनान्तर घाटा र बैंकिङ्ग क्षेत्रमा तरलता अभाव आदि अर्थतन्त्रका सामु हाल देखिएका प्रमुख चुनौती हुन् । उल्लेखित चुनौती समाधान गर्न मौद्रिक तथा वित्तीय व्यवस्थापनमा उचित ध्यान दिंदै समष्टिगत आर्थिक तथा वित्तीय स्थायित्व कायम गर्न बैंक कटिवद्ध रहेको छ ।

३. मुलुक अहिले राजनैतिक संक्रमणको अवस्थामा छ । संक्रमणकालीन राजनीतिक अवस्थाको व्यवस्थापन उचित रुपमा भई नसकेकोले औद्योगिक व्यवसायिक वातावरण पनि सुध्रन सकेको छैन । त्यस अतिरिक्त लामो समयसम्मको उर्जा संकट लगायतका कारणहरूले आर्थिक क्रियाकलाप विस्तारमा अवरोध उत्पन्न भएको छ । कृषि उत्पादनमा आएको ह्रास र औद्योगिक लगानीको वातावरणमा आएको शिथिलताले आर्थिक वृद्धिदर न्यून रहेको छ भने विगतको अत्यधिक तरलता विस्तारका कारण बढेको आन्तरिक मागले मूल्य र भुक्तानी सन्तुलनमा ठूलो चाप परेको छ । आन्तरिक मागलाई व्यवस्थित गर्दै उच्च आर्थिक वृद्धि र द्रुत गरीबी निवारणका लागि अनुकूल वातावरण बनाउनु अहिले हाम्रो प्रमुख दायित्व रहेको छ ।

४. सन् २००७ को शुरुवातबाट देखापरेको अमेरिकी वित्तीय संकटको असर अघिल्लो वर्षको तुलना केही कम हुँदै गएको भएतापनि बढ्दो बेरोजगारी र बढ्दो सरकारी ऋणका कारण विकसित देशहरूमा पुनरुत्थानको चुनौती कायमै रहेको छ । धेरैजसो विकसित तथा विकासोन्मुख देशहरूमा आर्थिक मन्दीको गहिरो असर पर्न नदिन मौद्रिक नीतिलाई खुकुलो पारिएको छ भने सरकारी वित्त नीति पनि लचिलो पारी नीतिगत राहत (Policy Stimulus) दिइएको छ । यस्ता किसिमका नीतिगत राहतका कार्यक्रमहरू अर्थतन्त्रको पुनरुत्थान तथा आर्थिक मन्दी हटाउन आवश्यक रहने अन्तर्राष्ट्रिय मुद्रा कोषले जनाएको छ ।

५. विशेषगरी विकासोन्मुख एसिया तथा विकासशील देशहरूमा देखिएको उच्च पुनरुत्थानका कारण एकातिर विश्वमा वस्तुहरूको मागमा भएको वृद्धिका कारण मूल्य बढ्दै गएको छ भने अर्कोतिर विश्व वित्तीय अवस्थामा क्रमिक सुधार हुन थालेको छ । सन् २०१० मा पनि मूल्य बढ्ने अनुमान अन्तर्राष्ट्रिय मुद्राकोषको रहेको छ । विश्व वित्तीय बजारमा अपेक्षा गरिएभन्दा उच्च दरले सुधार हुँदै गएको छ । मुद्रा बजारमा केही स्थिरता देखिएको, शेयर तथा कर्पोरेट बोन्ड बजारले गति लिंदै गरेको भएपनि साना मुलुकहरूमा सरकारी ऋणमा भने चाप परेको अवस्था छ ।

६. विश्वव्यापी आर्थिक मन्दीका वावजूद छिमेकी मुलुक भारत र चीनको आर्थिक वृद्धिदर उच्च रहेको छ । तर नेपालले छिमेकी मुलुकहरूको उच्च आर्थिक वृद्धिबाट लाभ लिन सकेको छैन । पर्यटन, लगानी तथा श्रमका अवसरहरूको अधिकतम उपयोग गरी यी मुलुकहरूको आर्थिक वृद्धिबाट नेपालले लाभ लिन सक्नु पर्ने भएको छ ।

७. यस बैंकले आफ्नो स्थापनाको वार्षिक समारोहको कार्यक्रममा विगत एक वर्षको अवधिमा भएका कामकारवाही तथा नीतिहरूलाई सार्वजनिक गर्ने अवसरको रुपमा लिई आएको छ । यस अवसरमा म मुलुकको आर्थिक तथा वित्तीय स्थितिका साथै नेपाल राष्ट्र बैंकले विगत एक वर्षभित्र सम्पन्न गरेका कामकारवाही उल्लेख गर्न चाहन्छु ।

---

* नेपाल राष्ट्र बैंकको ५५ औं वार्षिकोत्सवको उपलक्ष्यमा गभर्नर डा. युवराज खतिवडाले दिनुभएको वक्तव्यको पूर्ण विवरण ।

# समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

## आर्थिक वृद्धि

८. चालू आर्थिक वर्षमा मुलुकको कुल गार्हस्थ्य उत्पादन उत्पादकको मूल्यमा ४.६ प्रतिशत र आधारभूत मूल्यमा ३.५ प्रतिशतले बढ्ने प्रारम्भिक अनुमान छ । यस मध्ये कृषि क्षेत्र १.१ प्रतिशत र गैर-कृषि क्षेत्र ५.१ प्रतिशतले बढ्ने प्रारम्भिक अनुमान छ ।

९. क्षेत्रगत रुपमा विश्लेषण गर्दा यो वर्ष कृषि क्षेत्रको वृद्धिदर सन्तोषजनक रहने देखिँदैन । मौसमी प्रतिकूलताको कारण खासगरी वर्षे बालीको उत्पादनमा ह्रास आएकोले चालू आर्थिक वर्षमा समग्र कृषि उत्पादन वृद्धिदर सामान्य मात्र रहने अनुमान छ । समीक्षा वर्षमा धान र मकैको उत्पादन क्रमशः ११.१ प्रतिशत र ३.९ प्रतिशतले ह्रास आउने अनुमान छ । त्यसैगरी, तरकारी, फलफूल, मासु, र दूधको उत्पादन क्रमशः ७.३ प्रतिशत, २२.० प्रतिशत, २.७ प्रतिशत र ४.१ प्रतिशतले वृद्धि हुने अनुमान छ । त्यस्तै, मत्स्यपालन क्षेत्रको वृद्धिदर चालू आर्थिक वर्षमा ५.३ प्रतिशत रहने अनुमान छ ।

१०. विभिन्न समयमा हुने गरेका बन्द, हडताल, श्रम समस्या, विद्युत आपूर्तिमा कमी तथा बाह्य बजारको संकुचन आदिका कारण आर्थिक वर्ष २०६६/६७ मा उत्पादनमूलक उद्योग क्षेत्रको उत्पादन २.७ प्रतिशतले मात्र वृद्धि हुने अनुमान छ ।

११. चालू आर्थिक वर्षको प्रथम छ महिनामा औद्योगिक उत्पादन सूचकाङ्क ३.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो सूचकाङ्क १.३ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा वनस्पति घ्यू तथा तेल, प्रशोधित दुध, लत्ता कपडा, अन्य लत्ता कपडा, प्रशोधित छाला, अन्य रासायनिक पदार्थ, गैर-धातुजन्य खनिज वस्तु, फलामे रड तथा पत्ती, घरेलु धातुका सामान आदि समूहको उत्पादनमा वृद्धि भएको छ भने अन्न तथा पशु दाना, अन्य खाद्य वस्तु, पेय पदार्थ, सूर्तिजन्य वस्तु, चिरान काठ, प्लाष्टिकका वस्तु र विजुलीको तार तथा केवल समूहको उत्पादन घटेको छ ।

१२. त्यस्तै, खानी तथा उत्खनन् र निर्माण क्षेत्रको वृद्धिदर क्रमशः ४.२ प्रतिशत र ६.६ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । तर, विद्युत उत्पादन तथा आपूर्तिमा आएको कमीको कारण विद्युत, ग्याँस तथा पानी क्षेत्रको वृद्धिदर भने ०.५ प्रतिशत मात्र रहने अनुमान छ ।

१३. चालू आर्थिक वर्षमा सेवा क्षेत्रको वृद्धिदर भने सन्तोषजनक नै रहने अनुमान छ । सेवा क्षेत्र अन्तर्गतका विभिन्न क्षेत्रहरू मध्ये थोक तथा खुद्रा व्यापार, होटल तथा रेष्टुरेण्ट, यातायात, भण्डारण तथा सञ्चार क्षेत्रहरूको वृद्धिदर क्रमशः ५.६ प्रतिशत, ८.५ प्रतिशत र ६.५ प्रतिशत रहने अनुमान छ । त्यस्तै, वित्तीय मध्यस्थता, घरजग्गा तथा व्यावसायिक सेवा, सार्वजनिक प्रशासन तथा रक्षा, शिक्षा, स्वास्थ्य र अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा क्षेत्रको वृद्धिदर क्रमशः १.६ प्रतिशत, ४.९ प्रतिशत, ४.२ प्रतिशत, ६.५ प्रतिशत, ५.६ प्रतिशत तथा ६.१ प्रतिशत रहने अनुमान छ ।

१४. आर्थिक वर्ष २०६६/६७ को पहिलो आठ महिनाको अवधिमा हवाई मार्गबाट नेपाल भ्रमण गर्ने पर्यटकको संख्या १२.८ प्रतिशतले बढ्न गई २,८२,५५८ पुगेको छ । गत वर्षको सोही अवधिमा हवाई मार्गबाट नेपाल भ्रमण गर्ने पर्यटकहरूको संख्या २.४ प्रतिशतले घटेको थियो । हवाई मार्गबाट नेपाल भ्रमण गर्ने कुल पर्यटकहरू मध्ये चालू आर्थिक वर्षको प्रथम आठ महिनासम्ममा तेस्रो मुलुकतर्फको पर्यटक आगमन १६.० प्रतिशतले र भारतीय पर्यटक आगमनमा ०.९ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा तेस्रो मुलुकतर्फको पर्यटक आगमन २.५ प्रतिशतले र भारतीय पर्यटक आगमन २.० प्रतिशतले घटेको थियो ।

१५. चालू आर्थिक वर्षको प्रथम नौ महिनाको अवधिमा वैदेशिक रोजगारीमा जानेको सख्या १४.८ प्रतिशतले बढी २,०२,०४४ पुगेको छ । वैदेशिक रोजगारीमा जानेको कुल संख्यामा वृद्धि भएका मुलुकहरुमा मुख्यतया मलेशिया (१४९.७ प्रतिशत) र साउदी अरेविया (१२.३ प्रतिशत) छन् भने कतार, यू.ए.ई., बहराईन तथा ओमनमा जाने नेपाली कामदारको संख्या भने यस अवधिमा उल्लेख्य दरले घट्न गएको छ ।

## मूल्य स्थिति

१६. आर्थिक वर्ष २०६६/६७ को आठ महिनासम्ममा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ११.२ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो मुद्रास्फीति १३.१ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १५.७ प्रतिशतको उच्च दरले वृद्धि भएतापनि गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क ५.९ प्रतिशतले मात्र वृद्धि भएको कारण समग्र उपभोक्ता मुद्रास्फीति दर अघिल्लो आर्थिक वर्षको सोही अवधिको भन्दा केही कम रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा यी समूहहरूको मूल्य सूचकाङ्कको वृद्धि क्रमशः १७.१ प्रतिशत र ८.८ प्रतिशत रहेको थियो ।

१७. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा पहाडमा १२.५ प्रतिशतले, तराईमा ११.३ प्रतिशतले र काठमाडौंमा १०.२ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः १२.४ प्रतिशत, १३.३ प्रतिशत र १३.४ प्रतिशत रहेको थियो ।

१८. समीक्षा अवधिमा राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर १२.२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा यसको वृद्धिदर १२.३ प्रतिशत रहेको थियो । त्यस्तै राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क यस अवधिमा १३.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सूचकाङ्क १९.३ प्रतिशतले बढेको थियो । २०६६ साउनदेखि सरकारी कर्मचारीलगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलब वृद्धि भएकोले यस अवधिमा तलब तथा ज्यालादर सूचकाङ्कमा बढी चाप परेको हो ।

## सरकारी वित्त स्थिति

१९. आर्थिक वर्ष २०६६/६७ को पहिलो नौ महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी वित्तको अवस्था हेर्दा रू १० अर्ब ३० करोडको बजेट बचतमा रहेको देखिन्छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रू १२ अर्ब ७२ करोडले बचतमा रहेको थियो ।

२०. समीक्षा अवधिमा कुल सरकारी खर्च ३०.९ प्रतिशतले वृद्धि भई रू १४० अर्ब ९ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा सरकारी खर्च १८.५ प्रतिशतले वृद्धि भएको थियो । चालू तथा पूँजीगत दुवै खर्चको वृद्धिदरमा विस्तार आएकोले समीक्षा अवधिमा कुल सरकारी खर्च बढेको हो । यस अवधिमा चालू खर्च २८.५ प्रतिशतले बढी रू ९० अर्ब ९४ करोड पुगेको छ । अघिल्लो वर्ष सोही अवधिमा सो खर्च २२.० प्रतिशतले बृद्धि भएको थियो । सरकारी कर्मचारी एवं शिक्षकहरूको तलबभत्ता वृद्धि, विशेष सुरक्षा योजनाको दायित्व, विद्यालय अनुदानमा वृद्धि, आर्थिक सहायता वितरणमा बढोत्तरी लगायतका कारणले समीक्षा अवधिमा चालू खर्चमा विस्तार आएको हो ।

२१. समीक्षा अवधिमा नगद पूँजीगत खर्च ४७.५ प्रतिशतले बढी रू २८ अर्ब ३५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत खर्च २.५ प्रतिशतले घटेको थियो । अघिल्लो वर्षको तुलनामा पूँजीगत खर्च बढेको भएतापनि बजेटमा अनुमानित कुल पूँजीगत खर्चको यो रकम २६.६ प्रतिशत मात्र हुन आउँछ । अपेक्षाअनुरुप पूँजीगत खर्च हुन नसक्नुमा बजेट ढिलो पारित हुनु, ठेक्कापट्टा समयमा हुन नसक्नु, स्थानीय निकायमा प्रतिनिधिहरूको अनुपस्थिति रहनु र शान्ति सुव्यवस्थाको स्थिति सुदृढ नहुनु मुख्य कारण रहेका छन् ।

२२. साधन परिचालनतर्फ समीक्षा अवधिमा राजस्व परिचालन २८.२ प्रतिशतले वृद्धि भई रू १२६ अर्ब ५३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा राजस्व ३९.३ प्रतिशतले बढेको थियो । यस अवधिमा नेपाल सरकारलाई वैदेशिक नगद ऋण वापत् रू ३ अर्ब ४३ करोड र वैदेशिक नगद अनुदान वापत् रू १९ अर्ब ७२ करोड प्राप्त भएको छ । अघिल्लो वर्ष ती शीर्षकहरूमा क्रमशः रू २ अर्ब ९८ करोड र रू १७ अर्ब ६९ करोड प्राप्त भएको थियो । यस अवधिमा नेपाल सरकारले रू २ अर्ब ३६ करोड बराबरको आन्तरिक ऋण परिचालन गरेको छ ।

## वैदेशिक व्यापार तथा शोधनान्तर स्थिति

२३. आर्थिक वर्ष २०६६/६७ को पहिलो आठ महिनामा नेपालको बाह्य क्षेत्रको स्थिति सन्तोषजनक रहेको छैन । यस अवधिमा कुल निर्यातको वृद्धिदर ऋणात्मक रहेको तथा कुल आयात उच्च दरले बढेको कारण व्यापार घाटामा उल्लेख्य विस्तार भएको छ । अर्कोतर्फ व्यापार घाटा पूर्ति गर्दै आएको विप्रेषण आप्रवाहको वृद्धिदर

अघिल्लो वर्षको तुलनामा घटेको छ । परिणामस्वरुप, चालू खाता एवं समग्र शोधनान्तर स्थिति दुबै प्रतिकूल अवस्थामा रहेको स्थिति छ ।

२४. आर्थिक वर्ष २०६६/६७ को पहिलो आठ महिनासम्ममा कुल वस्तु निर्यात अघिल्लो वर्षको १६.२ प्रतिशत वृद्धिको तुलनामा ८.० प्रतिशतले घटी रू ४० अर्ब ४१ करोड रहन गएको छ । कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्षको पहिलो आठ महिनामा ३.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा २.९ प्रतिशतले घटेको छ । त्यस्तै अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष ४२.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १६.० प्रतिशतले ह्रास आएको छ ।

२५. अघिल्लो वर्षको पहिलो आठ महिनासम्ममा २६.३ प्रतिशतले वृद्धि भएको कुल वस्तु आयात आर्थिक वर्ष २०६६/६७ को सोही अवधिमा ४३.९ प्रतिशतले बढी रू २५३ अर्ब ७४ करोड पुगेको छ । कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको पहिलो आठ महिनाको १२.१ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ३८.५ प्रतिशतले बढेको छ । त्यसैगरी अन्य मुलुकबाट भएको आयात समीक्षा अवधिमा अघिल्लो वर्षकै दर अर्थात् ५०.९ प्रतिशतले बढेको छ ।

२६. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा ६१.२ प्रतिशतले वृद्धि भई रू २१३ अर्ब ३३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु व्यापार घाटा ३०.१ प्रतिशतले बढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको व्यापार घाटा अघिल्लो वर्ष १५.६ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ५३.८ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै अघिल्लो वर्ष ५३.४ प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा ७०.१ प्रतिशतले वृद्धि भएको छ ।

२७. निर्यात व्यापारमा आएको कमी तथा आयात व्यापारमा भएको उल्लेख्य विस्तारको कारण चालू आर्थिक वर्षको पहिलो आठ महिनामा निर्यात-आयात अनुपात १५.९ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात २४.९ प्रतिशत रहेको थियो ।

२८. आर्थिक वर्ष २०६६/६७ को पहिलो आठ महिनामा चालू खाता रू ३२ अर्ब ५८ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भने चालू खाता रू २८ अर्ब ९४ करोडले बचतमा रहेको थियो । खासगरी व्यापार घाटामा भएको उल्लेख्य वृद्धि, अनुदानमा आएको उल्लेख्य ह्रास एवं विप्रेषण आप्रवाहको वृद्धिदरमा आएको कमीको कारण चालू खाता घाटा उच्च रहन गएको हो । चालू खाता घाटा उच्च रहेकोले समीक्षा अवधिमा मुलुकको समग्र शोधनान्तर स्थिति रू २३ अर्ब ५३ करोडले घाटामा रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रू ३४ अर्ब ८१ करोडले शोधनान्तर बचतमा रहेको थियो ।

२९. समीक्षा अवधिमा सेवा आय घटेको छ भने विप्रेषण आप्रवाह अघिल्लो वर्षको ५८.९ प्रतिशतको उल्लेखनीय वृद्धिको तुलनामा ९.९ प्रतिशतले बढी रू १४३ अर्ब ९६ करोड पुगेको छ । यस अवधिमा अमेरिकी डलरको तुलनामा नेपाली रुपैयाँ पुनर्मूल्यन भएका कारणले गर्दा पनि विप्रेषणको वृद्धिदर कम देखिएको हो । समीक्षा अवधिमा रू ४ अर्ब २० करोडको सरकारी ऋण प्राप्त भएको छ भने रू ५ अर्ब ९४ करोड बराबरको साँवा भुक्तानी भएको छ ।

३०. २०६६ चैत २७ मा कुल विदेशी विनिमय सञ्चिति २०६६ असार मसान्तको तुलनामा १३.५ प्रतिशतले घटी रू २४२ अर्ब २७ करोडमा सीमित रहेको छ । अमेरिकी डलरमा भने समीक्षा अवधिमा कुल सञ्चिति ४.७ प्रतिशतले घटी अमेरिकी डलर ३ अर्ब ४२ करोडमा सीमित रहेको छ । आर्थिक वर्ष २०६६/६७ को पहिलो आठ महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ७.८ महिनाको वस्तु आयात र ६.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

## मौद्रिक स्थिति

३१. आर्थिक वर्ष २०६६/६७ को पहिलो आठ महिनासम्ममा विस्तृत मुद्राप्रदाय ६.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त मुद्राप्रदाय १३.७ प्रतिशतले बढेको थियो । संकुचित मुद्राप्रदाय अघिल्लो वर्ष ११.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४.६ प्रतिशतले बढेको छ । संकुचित मुद्राप्रदायको अंशमध्ये चलनचल्तीमा रहेको मुद्रा समीक्षा अवधिमा ११.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त मुद्रा २१.९ प्रतिशतले

बढेको थियो । चल्ती निक्षेप अघिल्लो वर्ष ६.६ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ७.५ प्रतिशतले घटेको छ । आवधिक निक्षेप अघिल्लो वर्ष १४.५ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ७.८ प्रतिशतले बढेको छ ।

३२. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) रू. २३ अर्ब ५३ करोड (१०.६ प्रतिशत) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रू ३४ अर्ब ८१ करोड (२०.३ प्रतिशत) ले बढेको थियो ।

३३. आर्थिक वर्ष २०६६/६७ को पहिलो आठ महिनामा कूल आन्तरिक कर्जा १०.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त कर्जा ७.५ प्रतिशतले बढेको थियो । निजी क्षेत्रतर्फको कर्जामा भएको उच्च वृद्धिले आन्तरिक कर्जामा विस्तार आएको हो । समीक्षा अवधिमा वाणिज्य बैंकहरूको निजी क्षेत्रतर्फको कर्जा रू ६६ अर्ब ६८ करोड (१६.५ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रू ५० अर्ब (१६.३ प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये उत्पादन, निर्माण, धातुजन्य उत्पादन, मेशिनरी तथा विद्युतीय उपकरण, थोक तथा खुद्रा व्यापार, रियल स्टेट र सेवा क्षेत्रतर्फको कर्जा प्रवाहमा विस्तार भएको छ ।

३४. समीक्षा अवधिमा निक्षेप परिचालनको अतिरिक्त वाणिज्य बैंकहरूको चुक्ता पूँजी रू ४ अर्ब २ करोडले बढेको छ । साधनको श्रोतमा पूँजीको अंश बढ्दै जानु वित्तीय स्थायित्वको लागि सकारात्मक पक्ष हो ।

## वित्तीय क्षेत्रको विस्तार

३५. २०६६ चैत मसान्तसम्ममा वाणिज्य बैंकहरूको संख्या २७ पुगेको छ भने विकास बैंक, वित्त कम्पनी तथा लघु वित्त विकास बैंकको संख्या क्रमशः ७८, ७९ र १८ पुगी “क” देखि “घ” वर्गसम्मको बैंक तथा वित्तीय संस्थाको कुल संख्या २०२ पुगेको छ । २०६६ पुस मसान्तसम्म वाणिज्य बैंकहरूको शाखा संख्या ८४५ पुगेको छ । यसबाट प्रति बैंक शाखाबाट औसत करिब ३३ हजार ४ सय जनसंख्याले सेवा प्राप्त गरेका छन् ।

३६. वित्तीय संस्थाहरूको संख्यात्मक वृद्धिसँगै साधन परिचालनमा समेत वृद्धि भएको छ । २०६६ फागुन मसान्तसम्ममा वाणिज्य बैंकहरूले रू ५७२ अर्ब ७३ करोड निक्षेप परिचालन र रू ४७१ अर्ब ११ करोड कर्जा प्रवाह गरेका छन् । २०६५ फागुन मसान्तमा वाणिज्य बैंकहरूको निक्षेप परिचालन र कर्जा प्रवाह क्रमशः रू ४८१ अर्ब ७० करोड र रू ३५७ अर्ब २७ करोड रहेको थियो । २०६५ पुस मसान्तमा विकास बैंकहरूले परिचालन गरेको निक्षेप तथा कर्जा क्रमशः रू ३६ अर्ब र रू २९ अर्ब रहेकोमा २०६६ पुस मसान्तमा क्रमशः रू ५६ अर्ब ९ करोड र रू ५२ अर्ब पुगेको छ । विकास बैंकहरूको संख्यात्मक र क्षेत्रगत वृद्धिको कारण सम्पत्ति/दायित्वमा उल्लेख्य वृद्धि भएको हो । त्यसैगरी वित्त कम्पनीतर्फ २०६५ पुस मसान्तमा निक्षेप तथा कर्जा क्रमशः रू ५२ अर्ब र रू ५४ अर्ब रहेकोमा २०६६ पुस मसान्तमा निक्षेप र कर्जा क्रमशः रू ६६ अर्ब ९९ करोड र रू ७० अर्ब ८१ करोड पुगेको छ ।

३७. यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्था बाहेकका अन्य वित्तीय संस्थाहरू – कर्मचारी सञ्चय कोष र बीमा कम्पनीहरूको समेत वित्तीय साधन परिचालनमा विस्तार आएको छ । २०६६ पुस मसान्तसम्ममा कर्मचारी सञ्चय कोषले रू ८५ अर्ब २२ करोड, नागरिक लगानी कोषले रू २० अर्ब ३० करोड र बीमा कम्पनीहरूले रू ४० अर्ब ८० करोडको स्रोत परिचालन गरेका छन् । साथै २०६६ चैत मसान्तसम्ममा जीवन बीमा कम्पनी ८, निर्जीवन बीमा कम्पनी १६ र १ संयुक्त बीमा कम्पनी गरी जम्मा २५ वटा बीमा कम्पनी कार्यरत रहेका छन् ।

## शेयर बजार

३८. शेयर बजारको प्रवृत्ति मापन गर्ने नेप्से परिसूचक अघिल्लो आर्थिक वर्षको भदौमा हालसम्मकै सर्वाधिक उच्च ११७५.३८ विन्दुमा पुगेको थियो । यसपछि भने निरन्तर ओरालो लागेको शेयर बजार समीक्षा अवधिसम्म पनि कायमै रह्यो । अघिल्लो वर्षको फागुन मसान्तको तुलनामा नेप्से सूचकाङ्क १८०.९५ विन्दुले कमी आई २०६६ फागुन मसान्तमा ४८६.२५ विन्दुमा कायम रहेको छ । NEPSE Float Index २०६६ फागुन मसान्तमा ४५.९३ रहेको छ । यस अवधिमा बजारमा थप शेयरहरू सूचीकृत हुनु तथा विश्व शेयर बजारमा देखापरेको मन्दीले लगानीकर्ताहरूको आत्मविश्वासमा कमी आउनु जस्ता कारणहरूले शेयर बजारलाई प्रभाव पारेको देखिन्छ ।

३९. धितोपत्र बजारको प्रगाढताको मापक बजार पूँजीकरण २०६६ फागुन मसान्तमा रू ३७५ अर्ब ९९ करोड ६१ लाख रहेको छ । यसको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३१.८ प्रतिशत हुन आउँछ । उक्त पूँजीकरण २०६५ फागुन मसान्तमा रू ४०२ अर्ब ३ करोड ५ लाख रहेको थियो ।

४०. गत एक वर्षको अवधिमा धितोपत्र बजारमा १२ थप कम्पनी सूचीकृत भई २०६६ फागुन मसान्तसम्म नेपाल धितोपत्र विनिमय बजार लि. मा सूचीकृत भएका कम्पनीहरूको संख्या १६८ पुगेको छ । आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्ममा नेपाल धितोपत्र बोर्डले ३० वटा कम्पनीहरूलाई रू ८ अर्ब ५६ करोड ५४ लाख बराबरको शेयर तथा ऋणपत्र निष्काशनका लागि अनुमति प्रदान गरिसकेको छ ।

## मौद्रिक तथा तरलता व्यवस्थापन

४१. चालू आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिको तर्जुमा गर्दाको अवस्थामा कतिपय मुलुकहरूले विश्वव्यापी वित्तीय संकटको नकारात्मक प्रभाव कम गर्ने उद्देश्यले व्याजदरमा ऐतिहासिक कटौती गर्ने र विभिन्न किसिमका आर्थिक प्याकेज मार्फत् उपभोक्ताको कुल माग बढाउनेतर्फ मुख्य रुपमा ध्यान दिएका थिए । तर, यसको ठीक विपरित नेपालको अर्थतन्त्रमा मुद्रास्फीति दोहोरो अंकमा रहेको तथा बैंकहरूले उदार कर्जा प्रवाह नीति अवलम्बन गरेको कारण घरजग्गाको मूल्य आकासिंदै गइरहेको अवस्था थियो । अधिक तरलताको स्थितिको कारण अर्थतन्त्रमा मौद्रिक विस्तार हुन सक्नेतर्फ सजग रही मुद्राप्रदाय तथा समष्टिगत मागको कारणबाट आन्तरिक तथा बाह्य स्थायित्वमा असर नपरोस् र लक्षियत आर्थिक वृद्धिलाई आवश्यक पर्ने तरलताको व्यवस्थापन होस् भन्ने उद्देश्यले आर्थिक वर्ष २०६६।६७ को मौद्रिक नीति तय गरिएको थियो ।

४२. चालू आर्थिक बर्षको पहिलो त्रयमासको अन्त्यदेखि देखिएको शोधनान्तर घाटा हाल आठौं महिनाको अन्तसम्म आइपुग्दा पनि सुधार आउन नसकेको वर्तमान अवस्थामा निजी क्षेत्रको कर्जा विस्तारको कारणबाट अर्थतन्त्रमा तरलता प्रवाह हुँदा पर्न सक्ने आन्तरिक तथा बाह्य असन्तुलनप्रति बैंक सतर्क रहेको छ । अनुत्पादक क्षेत्रमा जान सक्ने कर्जा प्रवाहलाई निरुत्साहित गर्दै आन्तरिक उत्पादन तथा निर्यातमूलक उद्योगधन्दामा भने पर्याप्त तरलताको सुनिश्चित गर्नको लागि हालै सार्वजनिक गरिएको मध्यावधि समीक्षा मार्फत् विद्यमान नीतिगत व्यवस्थामा समयानुकूल परिमार्जन गरिएको छ । मौद्रिक नीतिको लक्ष्य अनुरुप तरलताको व्यवस्थापन गर्न तरलता अनुगमन तथा प्रक्षेपण संरचना र वाणिज्य बैंकहरूको बचत, कर्जा तथा नगद मौज्दात जस्ता विवरणको आधारमा अधिक तरलता मापन गर्ने र मौद्रिक व्यवस्थापनमा खुलाबजार कारोवारलाई प्रमुख मौद्रिक उपकरणको रुपमा प्रयोग गरिने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

४३. विदेशी विनिमयदरमा स्थिरता प्रदान गर्ने र मौद्रिक तरलता व्यवस्थापन गर्ने कार्यको लागि यस बैंकले विदेशी विनिमय बजारमाथि हस्तक्षेप गर्दै आएको छ । आर्थिक वर्ष २०६६/६७ को पहिलो नौ महिनामा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ९२ करोड ३४ लाख खुद खरिद गरी रू ६८ अर्ब ८६ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्ष यसै अवधिमा अमेरिकी डलर १ अर्ब ४० करोड खुद खरिद गरी रू १०८ अर्ब ४ करोड बराबरको खुद तरलता प्रवाह भएको थियो । निजी क्षेत्रको विप्रेषण आप्रवाहमा अपेक्षाकृत वृद्धि भएपनि व्यापार घाटामा भएको उच्च बृद्धिले गर्दा समीक्षा अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर खरिदमार्फत् न्यून तरलता प्रवाह हुन गएको हो ।

४४. आर्थिक वर्ष २०६६/६७ को नौ महिनासम्ममा खुला बजार कारोवारमार्फत् रू ९० अर्ब ५ करोड बराबरको खुद तरलता प्रवाह भएको छ । उक्त तरलता मध्ये समीक्षा अवधिमा रिपो बोलकबोलबाट रू ९५ अर्ब ११ करोड र सोझै खरिद बोलकबोलबाट रू ३ अर्ब ३८ करोड गरी कुल रू ९८ अर्ब ४९ करोड प्रवाह भएको छ भने रिभर्स रिपो बोलकबोलबाट रू १ अर्ब र सोझै बिक्री बोलकबोलबाट रू ७ अर्ब ४४ करोड गरी कुल रू ८ अर्ब ४४ करोडको तरलता प्रशोचन भएको छ ।

४५. खुला बजार कारोवारको अतिरिक्त चालू आर्थिक वर्षको प्रथम नौ महिनामा बैंक तथा वित्तीय संस्थाहरूले अन्तर बैंक कारोवार र स्थायी तरलता सुविधाको उपयोग मार्फत् पनि तरलताको व्यवस्थापन गरेका छन् । वाणिज्य बैंकका अतिरिक्त मौद्रिक नीतिका समकक्षी विकास बैंक र वित्त कम्पनीहरूले समेत स्थायी तरलता सुविधा उपयोग गरेका छन् । समीक्षा अवधिमा उच्च शोधनान्तर घाटा, नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रहेको नगद बचत र निक्षेपको तुलनामा कर्जाको उच्च विस्तारले तरलतामा कमी ल्याएको हुँदा खुला बजार

कारोवारबाट उच्च तरलता प्रवाह हुनुको साथै स्थायी तरलता सुविधा र अन्तर बैंक कारोवारको मात्रा पनि बढेको हो ।

४६. आर्थिक वर्ष २०६६/६७ को फागुन महिनामा ९१-दिने ट्रेजरी विल्सको भारित औसत व्याजदर ७.७९ प्रतिशत कायम भएको छ । अघिल्लो वर्षको यसै समयमा उक्त व्याजदर ६.८३ प्रतिशत रहेको थियो । अघिल्लो वर्षको फागुन महिनामा भारित औसत अन्तर-बैंक व्याजदर ६.३८ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ८.८५ प्रतिशत कायम भएको छ । अल्पकालीन बजार व्याजदरका अलावा वाणिज्य बैंकहरूले निक्षेपमा प्रदान गर्ने व्याजदर पनि बढेको छ । २०६६ असार महिनाको तुलनामा फागुन महिनामा दुई-वर्षे र दुई वर्षभन्दामाथिको मुद्दति निक्षेपको अधिकतम वार्षिक व्याजदर ९.५ प्रतिशतबाट बढेर १३.० प्रतिशतसम्म पुगेको छ । समीक्षा अवधिमा तरलताको स्थितिमा कमी आएकोले व्याजदरहरू बढेका हुन् ।

४७. बैंक तथा वित्तीय संस्थाहरूले एउटै क्षेत्रमा कर्जालगानी गर्दा हुन सक्ने अधिकेन्द्रीत जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यले यो आर्थिक वर्षदेखि घरजग्गा तथा रियल स्टेट कर्जा र कुल कर्जामा सीमा निर्धारण गरिएको छ । यसबाट बैंक तथा वित्तीय संस्थाहरूको कर्जा पोर्टफोलियो एवं तरलता व्यवस्थापनमा सुधार आउने विश्वास गरिएको छ ।

४८. निर्यात उद्योगहरूले भोग्नु परेको समस्या र निर्यात व्यापारमा आएको ह्रासलाई दृष्टिगत गरी यस बैंकले निर्यात कर्जामा दिने पुनरकर्जाको दरलाई २ प्रतिशतबाट घटाएर १.५ प्रतिशत कायम गरेको छ भने बैंक तथा वित्तीय संस्थाले सम्बन्धित ऋणीबाट ४ प्रतिशत भन्दा बढी व्याज असुली गर्न नपाउने व्यवस्था गरिएको छ ।

४९. वर्तमान अवस्थामा तरलता व्यवस्थापनलाई थप प्रभावकारी बनाउन रिभर्स रिपो तथा रिपो वोलकबोलको विद्यमान २८-दिनको अधिकतम अवधिलाई परिवर्तन गरी ४५ दिन पुऱ्याइएको छ भने वैधानिक तरलता अनुपातको प्रयोजनका लागि वाणिज्य बैंकमा Call Deposit मा राखेको रकमलाई समेत गणना गर्न पाउने व्यवस्था गरिएको छ ।

५०. निर्यात प्रवर्द्धन हुने, आयात प्रतिस्थापन गर्ने, उर्जा र पर्यटन क्षेत्रमा कर्जाको कमी हुन नदिन मौद्रिक नीतिको मध्यावधि समीक्षा मार्फत् यस बैंकले उक्त क्षेत्रहरूमा सम्बन्धित क्षेत्रकै असल कर्जाको धितोमा मात्र वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूलाई ७.५ प्रतिशत व्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था मिलाएको छ । सम्बन्धित बैंक तथा वित्तीय संस्थाले यस बैंकले तोकेको व्याजदरमा अधिकतम ३ प्रतिशतसम्म मात्र थप गरी आफ्नो कर्जाको व्याजदर कायम गर्न पाउने व्यवस्था गरिएको छ ।

५१. कर्जा प्रवाहबाट उत्पन्न हुने अधिकेन्द्रित जोखिमलाई कम गर्न र अर्थतन्त्रका विभिन्न क्षेत्रहरूमा कर्जा प्रवाहलाई सर्वसुलभ बनाउन हाल कोषमा आधारित सीमा प्राथमिक पूँजीको २५ प्रतिशत र गैर-कोषमा आधारित समेत गरी कुल एकल ग्राहक कर्जा सीमा प्राथमिक पूँजीको ५० प्रतिशतसम्म कायम रहेको व्यवस्थालाई परिमार्जन गरी वासल कोर सिद्धान्तले कायम गरेको व्यवस्थानुसार विद्यमान एकल ग्राहक कर्जा सीमालाई २०६७ साउन १ गतेदेखि गैर-कोषमा आधारित सीमा समेत गरी प्राथमिक पूँजीको बढीमा २५ प्रतिशत कुल सीमा कायम नै राखी तोकिएका केही क्षेत्रहरूमा सो सीमा अधिकतम ३० प्रतिशत कायम गर्ने व्यवस्था गरिएको छ भने जलविद्युत, ट्रान्समिसन लाइन र केवुलकार निर्माणको लागि यस अघिको ५० प्रतिशतको सीमालाई यथावत कायम गरिएको छ ।

५२. मौद्रिक नीतिमा व्यवस्था भएका अन्य पुनरकर्जादरहरूमा भने कुनै परिवर्तन नगरी रुग्ण उद्योग पुनरकर्जा दर १.५ प्रतिशत, साना तथा घरेलु उधोगलाई प्रवाह भएको कर्जाको धितोमा प्रदान हुने पुनरकर्जादर २.५ प्रतिशत र वैदेशिक रोजगार पुर्नकर्जा दर १.५ प्रतिशत नै यथावत राखिएको छ ।

## ग्रामीण वित्तीय सेवा

५३. **ग्रामीण स्वावलम्वन कोष**बाट २०६६ साल फागुन मसान्तसम्ममा ५३ वटा गैर-सरकारी संस्था र ४२४ वटा सहकारी संस्था गरी कुल ४७७ संस्थालाई रू ३१ करोड ९१ लाख कर्जा प्रवाह भएकोमा उक्त कर्जामध्ये रू १७ करोड ५५ लाख असूली भएको छ भने रू १४ करोड ३६ लाख कर्जा लगानीमा रहिरहेको छ । कोषको कर्जा असूली दर करीब ९३ प्रतिशत रहेको छ । कोषबाट उपलब्ध गराइएको कर्जाबाट गैर-सरकारी संस्थाले २७ जिल्लामा र सहकारी संस्थाले ५३ जिल्लामा सेवा पुऱ्याएका छन् । यसरी कोषबाट २०६६ फागुन मसान्तसम्ममा ५३ जिल्लाका १९,५४१ घर परिवार विभिन्न आय तथा स्वरोजगारमूलक कार्यक्रमहरू संचालन गरी प्रत्यक्षरुपले लाभान्वित भएका छन् ।

५४. आर्थिक वर्ष २०५९/६० देखि दीर्घकालीन पूँजीको आवश्यकता पर्ने व्यवसायहरू खासगरी चिया, अलैंची, कोल्डस्टोरका लागि आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न कृषि विकास बैंक र लघु वित्त सम्बन्धी कार्य गर्ने विकास बैंकहरुलाई कोषबाट थोक कर्जा उपलब्ध गराउने व्यवस्था रहेको छ । यसैगरी, कोषले सहकारी तथा गैर-सरकारी संस्था र लघु वित्तीय संस्थाहरू मार्फत् ग्रामीण विपन्न वर्गका जनताहरूलाई स-साना कर्जा प्रवाह गरी आवश्यक वित्तीय सहयोग उपलब्ध गराई उनीहरूको आर्थिकस्तरमा सुधार ल्याउन नेपाल सरकार र ग्रामीण इलाकामा रहेका सहकारी तथा गैर-सरकारी संस्थाहसँग सहकार्य गर्दै आएको छ ।

५५. ग्रामीण क्षेत्रमा बसोवास गरिरहेका विपन्न महिलाको आर्थिक स्थितिमा सुधार ल्याउने उद्देश्यले देशका पाँच विकास क्षेत्रमा स्थापित **ग्रामीण विकास बैंक**हरुबाट प्राप्त प्रारम्भिक तथ्याङ्क अनुसार २०६६ पुस मसान्तसम्ममा कुल १,७४,०२७ ग्रामीण महिला सदस्यहरूलाई करिब रू २२ अर्ब ६७ करोड कर्जा प्रवाह भएको छ । यस मध्ये रू १९ अर्ब ९७ करोड असूली भई रू २ अर्ब ७० करोड कर्जा बाँकी रहेको छ । यी बैंकहरूले २०६६ पुस मसान्तसम्ममा देशका ४९ जिल्लाका १,१३२ गाउँ विकास समितिहरूमा रहेका ५,८४३ केन्द्रहरू (Centres) मार्फत् लघु वित्तीय सेवा उपलब्ध गराउँदै आएका छन् । लघु उद्यम तथा व्यवसायहरूको माध्यमबाट आय आर्जनका अवसरहरू वृद्धि गरी ग्रामीण क्षेत्रमा ब्याप्त रहेको गरिबी र बेरोजगारीको संख्या न्यूनीकरण गर्नमा यी बैंकहरूको योगदान महत्वपूर्ण रहेको छ ।

५६. संरचनात्मक सुधार कार्यक्रम अर्न्तगत ग्रामीण विकास बैंकहरूलाई क्रमशः निजीकरण गर्दै जाने उद्देश्य अनुरुप पश्चिमाञ्चल ग्रामीण विकास बैंकबाट निजीकरण कार्यको शुरुवात भई नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेको ६१ प्रतिशत शेयरमध्ये ५१ प्रतिशत शेयर निजीक्षेत्रलाई हस्तान्तरण गरी नेपाल राष्ट्र बैंकको नाममा १० प्रतिशत मात्र बाँकी रहेको छ । त्यसैगरी पूर्वाञ्चल ग्रामीण विकास बैंक, मध्यमाञ्चल ग्रामीण विकास बैंक तथा मध्यपश्चिमाञ्चल ग्रामीण विकास बैंकहरूमा नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेको सम्पूर्ण शेयर निजीक्षेत्रमा हस्तान्तरण भइसकेको छ । यस बैंकको स्वामित्वमा रहेको सुदूर पश्चिमाञ्चल ग्रामीण विकास बैंकको शेयरसमेत आगामी वर्षहरूमा बिनिवेश गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५७. ग्रामीण क्षेत्रमा संस्थागत कर्जाको विस्तार गर्न र सो कर्जामा विपन्न वर्गको पहुँच बढाउँदै लैजानको लागि राष्ट्रिय लघु वित्त नीति, २०६४ जारी भइसकेको छ । अर्थतन्त्रको दिगो विकासका निम्ति लघु वित्त कारोवारका माध्यमबाट विपन्न वर्गका समुदायमा उद्यमशीलताको विकास, स्वरोजगार सिर्जना एवं आयआर्जनका कृयाकलाप मार्फत् ग्रामीण तथा शहरी क्षेत्रको गरिबी निवारणको कार्यमा सहयोग पुऱ्याउन तथा विपन्न वर्गको आवश्यकतालाई समेट्ने गरी लघु वित्त क्षेत्रको विकास र विस्तार गर्न, लघु वित्त क्षेत्रमा कार्यरत संस्थाको प्रवर्द्धन, नियमन, निरीक्षण तथा सुपरिबेक्षण गरी लघु वित्त कारोवारलाई नियमित एवं व्यवस्थित गर्ने उद्देश्यका साथ **लघु वित्त ऐन**को मस्यौदा तयार गरी मन्त्री परिषदमा पेश गर्नको लागि नेपाल सरकार, अर्थ मन्त्रालयमा पेश गरिएको छ ।

५८. मुलुकका गरिव तथा विपन्न समुदायमा लघु वित्त सेवाको पहुँचमा थप अभिवृद्धि गर्ने अभिप्रायले UNDP र UNCDF को प्राविधिक तथा अनुदान सहयोगमा Enhancing Acess to Financial Services परियोजना लघु वित्त विभाग अन्तर्गत संचालनमा रहेको छ । परियोजनाले गरिबी निवारणमा सहभागी लघु वित्त संस्थाहरूबाट आह्वानपत्र माग गरी छनौटमा परेका ८ वटा संस्थाहरूलाई प्रथम चरणमा कार्यक्रम परिचालनको लागि सम्झौता गरी अनुदान सहयोग उपलब्ध गराउने क्रममा रहेको छ ।

५९. ग्रामीण क्षेत्रमा औपचारिक वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्ने उद्देश्यले "घ" वर्गका लघुवित्त संस्थाहरू खोल्न स्वीकृति दिने व्यवस्था खुकुलो गरिएको छ । त्यस्तै अविकसित क्षेत्रमा स्थापना हुने "ख" वर्गका विकास बैंकहरूलाई पनि प्रोत्साहित गर्ने नीति लिइएको छ ।

६०. नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूले यस बैंकको निर्देशानुसार अनिवार्य रूपमा प्रवाह गर्दै आएको **विपन्न वर्ग कर्जाको अवस्था** सम्बन्धमा अध्ययन सम्पन्न भएको छ । त्यस्तै बचत तथा ऋण सहकारी संस्थाहरूको कारोवारको अध्ययन पनि शुरू गरिएको छ ।

## विदेशी विनिमय व्यवस्थापन

६१. विप्रेषण सम्बन्धी कार्य गर्ने फर्म तथा कम्पनीको संख्या गत वर्षसम्म ३९ वटा रहेकोमा यस वर्ष १२ वटा थप भई ५१ पुगेको छ । गत वर्ष नेपाल अधिराज्यभर जम्मा ४१५ वटा मनिचेञ्जर फर्म/कम्पनी रहेकोमा यस वर्ष सो संख्या ४९६ पुगेको छ । गत वर्ष २०३ वटा मनिचेञ्जर फर्म/कम्पनी काठमाडौं उपत्यका भित्र रहेकोमा यस वर्ष सो संख्या वृद्धि भई २२७ पुगेको छ । हालसम्म विदेशी मुद्राको कारोवार गर्न स्वीकृति लिएका फर्म/कम्पनीहरूमा होटेलतर्फ २७२, ट्रेकिङ्गतर्फ १०१९, ट्राभल एजेन्सी तथा विदेशी एयर लाइन्सका जि.एस.ए/पि.एस.ए. तर्फ १२२५, कार्गो कुरिएरतर्फ २९१, विभिन्न संघ/संस्थातर्फ ६३ र स्वदेशी तथा विदेशी एअर लाइन्सतर्फ ४९ गरी कुल संख्या २९१९ पुगेको छ । यो संख्या मध्ये १९९ वटाले यसै आर्थिक वर्षमा स्वीकृति पाएका हुन् ।

६२. विदेशी विनिमय सञ्चिति व्यवस्थापनमा निहित सञ्चालन जोखीम कम गर्नका लागि Front Office र Back Office को रुपमा संगठन संरचना तयार गरी नियमित रुपमा जोखिम प्रतिवेदन तयार गर्ने गरिएकोमा यी दुई अफिससँग समन्वय गरी विश्लेषण प्रतिवेदन, जोखीम प्रतिवेदन र अन्य आवश्यक प्रतिवेदन तयार गरी लगानी समिति समक्ष सुझाव पेश गर्नको लागि Middle Office खडा गरी भारतीय रुपैयाँको दैनिक अपडेट रिपोर्ट तयार गर्ने लगायतका कार्य सुरु गरिएको छ ।

६३. विदेशी विनिमय बजारमा हस्तक्षेप गर्ने प्रक्रियालाई पारदर्शी बनाउने क्रममा हप्तामा २ पटक (मंगलवार र शुक्रवार) बजार हस्तक्षेप (Intervention) को लागि अवसर दिइदै आएकोमा यस्तो अवसर हप्तामा ३ पटक, (सोमवार,बुधवार र शुक्रवार) दिई बैकिङ्ग क्षेत्रलाई आवश्यक तरलता उपलव्ध गराउने कार्यलाई निरन्तरता दिइएको छ ।

६४. एशियन क्लियरिङ्ग युनियन (ACU) अन्तर्गत हुने आयात कारोवारहरूको भुक्तानीको लागि वाणिज्य बैंकहरूले स्वीफ्ट म्यासेजको माध्यमबाट पत्राचार गर्नु पर्ने गरिएको छ । मालदिभ्स मनिटरी अथोरिटी (Maldives Monetary Authority) पनि एशियन क्लियरिङ्ग युनियनको सदस्य भएकोले १ जनवरी २०१० (१७ पुस २०६६) देखि मालदिभ्ससँग हुने व्यापारिक कारोवारहरू समेत प्रचलित व्यवस्था अनुसार एशियन क्लियरिङ्ग युनियन मार्फत् गर्नु पर्ने व्यवस्था गरिएको छ ।

६५. यस बैंकबाट इजाजतपत्र प्राप्त विभिन्न निकायहरूले गर्ने विदेशी मुद्रा कारोवार तथा रिप्याट्रिएशन सम्बन्धमा रिप्याट्रिएशनको सुविधा वाणिज्य बैंकहरुबाटै उपलव्ध हुने गरी नयाँ व्यवस्था गरिएको छ ।

६६. इजाजतपत्र प्राप्त "क" र राष्ट्रिय स्तरका "ख" वर्गका बैंक/वित्तीय संस्थाहरूले आफूसँग रहेको परिवर्त्य विदेशी मुद्राको लगानी व्यवस्थापन गर्न तथा विनिमय दरमा हुने उतार चढावको कारणले हुन सक्ने जोखिम व्यवस्थापनको लागि विदेशी मुद्रा बजारमा प्रचलित Forward, Option, Swap, Futures जस्ता Derivatives उपकरण सम्बन्धी कारोवार गर्न सकिने व्यवस्थालाई बढी सरल बनाइएको छ ।

६७. मुलुकको आन्तरिक आवश्यकता भन्दा बढी परिमाणमा सुन आयात भई विदेशी मुद्राको सञ्चितिमा समेत नकारात्मक प्रभाव पर्न गएकोले Stand by L/C तथा Bank Guarantee को आधारमा सुन आयात गर्न नपाईने व्यवस्था गरी अन्य माध्यमबाट सुन आयात गर्दा राख्नु पर्ने मार्जिनलाई वृद्धि गरी ४० प्रतिशत मार्जिन नगदमै राख्नु पर्ने व्यवस्था गरिएको छ । सुन आयात गर्दा नेपाल बैकर्स संघको सिफारिशमा प्रतिदिन बढीमा १० किलोग्रामको दरले "क" वर्गका बैंकहरुले मात्र आयात गर्न सक्ने र भ्याट/प्यानमा दर्ता भएका नेपाल सुनचाँदी व्यवसायी संघबाट सिफारिश प्राप्त सुन व्यवसायीलाई मात्र बिक्री गर्न सक्ने व्यबस्था गरिएको छ । त्यसैगरी चाँदी आयात गर्दा नेपाल सुनचाँदी व्यवसायी संघको सिफारिशमा सो संघका सदस्य व्यवसायीहरूले

मात्र प्रतिदिन बढीमा १०० किलोग्रामका दरले आयात गर्न पाउने व्यबस्था गरिएको छ । चाँदी आयात गर्ने चाँदी व्यवसायीले थोकमा १ किलोग्राम वा सो भन्दा बढी चाँदी बिक्री गर्दा भ्याट/प्यान नम्बर भएका व्यवसायीलाई मात्र बिक्री गर्नु पर्दछ । यसरी चाँदी आयात गर्दा शत्प्रतिशत मार्जिन नगदमै राख्नु पर्ने र मार्जिन राख्ने वा आयात गर्ने प्रयोजनका लागि कुनै किसिमको कर्जा उपलब्ध गराउन नपाइने व्यबस्था गरिएको छ ।

६८. भारतीय रूपैयाँको कारोवारलाई व्यवस्थित तथा नियमित गर्ने उद्देश्यले भारतसँग हुने व्यापारिक कारोवार तथा भारतीय रूपैयाँ खरिद/बिक्री कारोवार सम्बन्धमा विद्यमान व्यवस्थालाई अझ बढी पारदर्शी, स्पष्ट र सरल तुल्याइएको छ ।

६९. कच्चा ऊन आयात गर्दा धरौटी राख्नु नपर्ने व्यवस्था रहेकोमा अबदेखि २ प्रतिशत धरौटी राखी सो रकमको सम्बन्धित भन्सार कार्यालयको नाममा चेक जारी गर्नु पर्ने व्यवस्था गरिएको छ । साथै, तातोपानी भन्सार बिन्दु मार्फत् क्रेडिट सुविधामा माल वस्तु आयात गर्न नपाइने व्यवस्था गरिएको छ ।

७०. परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट आयात गर्न पाइने वस्तुहरूको सूचीमा रहेका १२४ वस्तुहरूको संख्या वृद्धि गरी हाल १३७ पुऱ्याइएको छ । आवश्यकता र माग अनुरुप यस्ता वस्तुहरूको संख्या क्रमिक रुपमा थप गर्दै जाने नीतिलाई निरन्तता दिइएको छ ।

७१. बहुराष्ट्रिय कम्पनीहरूका भारत स्थित कार्यालयहरूको नाममा प्रचलित व्यवस्था अन्तर्गत प्रतितपत्र खोली तेस्रो मुलुकमा निर्मित वस्तुहरू भारत वा तेश्रो मुलुकबाट सिपमेण्ट भएको आधारमा हुने आयातको भुक्तानी भारतमा समेत परिवर्त्य विदेशी मुद्रामा गर्न सकिने व्यवस्था गरिएको छ । विदेशमा ऋण लिने प्रयोजनको लागि वाहेक विदेशस्थित कुनै निकायलाई नेपालबाट वस्तु निर्यात तथा सेवा उपलब्ध गराउने लगायतका विविध व्यवसाय गर्न र सो प्रयोजनको लागि अग्रिम भुक्तानी लिने प्रयोजनको लागि समेत सम्बन्धित व्यवसायीको अनुरोधमा "क" वर्गका बैंकहरुले विदेशी मुद्रा (भारतीय रुपैयाँ समेत) मा बैंक ग्यारेण्टी जारी गर्न सक्ने व्यवस्था गरिएको छ ।

७२. इन्टरनेट मार्फत् खरिद/बिक्री हुने प्रचलनले विश्वव्यापी मान्यता पाउँदै गएको परिप्रेक्ष्यमा इण्टरनेट मार्फत् डेबिट/क्रेडिट जस्ता अन्तरर्राष्ट्रिय कार्डबाट परिवर्त्य विदेशी मुद्रा स्वीकार गर्न सकिने व्यवस्था गरिएको छ ।

७३. अन्तर्राष्ट्रिय व्यापारमा प्रचलित Documentary Collection अन्तर्गत Documents against Payment (D/A) को माध्यमबाट मात्र आयात गर्न सकिने व्यवस्थालाई विस्तार गरी Document against Acceptance (D/A) को माध्यमबाट समेत आयात गर्न सकिने व्यवस्था गरिएको छ ।

## वित्तीय क्षेत्र सुधार कार्यक्रम

७४. नेपाल सरकारको आर्थिक सुधार कार्यक्रमको एक महत्वपूर्ण अंगको रुपमा वित्तीय क्षेत्र सुधार कार्यक्रम रहेको छ । विश्व बैंक, बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभाग (Department for International Development/DFID) र नेपाल सरकारको ऋण तथा अनुदान सहयोगमा सञ्चालन भइरहेको वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत मुख्यतया (क) नेपाल राष्ट्र बैंकको रि-इञ्जिनियरिङ्ग, (ख) नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक लि.को पुनरसंरचना र (ग) समग्र वित्तीय क्षेत्रको सक्षमतामा अभिवृद्धि पर्दछन् ।

७५. यस कार्यक्रमको अवलम्बनबाट मुलुकको वित्तीय क्षेत्रलाई स्वस्थ, प्रतिस्पर्धी, कुशल तथा व्यवसायिक बनाई आर्थिक विकासको लागि पर्याप्त योगदान दिनसक्ने बनाउने लक्ष्य लिइएको छ । वित्तीय क्षेत्र सुधार कार्यक्रमको कार्यान्वयन इकाइको रुपमा नेपाल राष्ट्र बैंकले यस कार्यक्रमलाई अघि बढाउँदै आएको छ ।

७६. वित्तीय क्षेत्रको विकास तथा बदलिंदो परिस्थितिसँग सामञ्जस्य कायम गर्दै नेपाल राष्ट्र बैंकलाई एउटा सक्षम केन्द्रीय बैंकको रुपमा परिमार्जन गर्न **नेपाल राष्ट्र बैंकको रि-इञ्जिनियरिङ्ग** सम्बन्धी कार्यलाई निरन्तरता प्रदान गरिएको छ । यस अन्तर्गत नेपाल राष्ट्र बैंकको मानव संशाधनको विकास गर्ने, नेपाल राष्ट्र बैंकको नियमन व्यवस्था र निरीक्षण तथा सुपरिवेक्षण प्रणालीलाई अझ बढी सशक्त एवं प्रभावकारी बनाउने, बैंकको कार्यको आधारमा सांगठनिक पुनर्संरचना गर्ने, बैंकलाई कम्प्यूटराइज्ड गर्ने, बैंकको लेखा प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको बनाउने तथा बैंकका कार्यहरू सरल र सहज बनाउँदै केन्द्रीय बैंकलाई चुस्त बनाउने आदि कार्यहरूलाई निरन्तरता प्रदान गरिंदै आएको छ ।

७७. **<u>नेपाल बैंक लिमिटेडको पुनरसंरचना</u>** गर्ने प्रमुख उद्देश्य सहित उक्त बैंकलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ (ग) को उपदफा १ (ण) अनुसार यस बैंकको नियन्त्रणमा लिइएको र त्यस्तो नियन्त्रणको अवधि २०६७ फागुन मसान्तसम्म रहेको छ । उक्त बैंकको पुनरसंरचना गर्ने सम्बन्धमा नियुक्त विदेशी परामर्शदाता फर्मसँग भएको सम्झौताको म्याद समाप्त भएपछि २०६४।४।११ देखि यस बैंकका कर्मचारीबाट नेपाल बैंक लिमिटेडको व्यवस्थापन संचालन गरिँदै आएको छ । उक्त बैंकमा खुल्ला प्रतिस्पर्धाबाट नयाँ प्रमुख कार्यकारी अधिकृत नियुक्तिको लागि आवश्यक प्रकृया प्रारम्भ भइरहेको छ ।

७८. **<u>राष्ट्रिय वाणिज्य बैंक लिमिटेड</u>**को व्यवस्थापन समूहका परामर्शदाताहरूसँगको करार अवधिलाई २०६७ असारमसान्तसम्म बढाइएको छ । उक्त बैंकमा हाल प्रमुख कार्यकारी अधिकृत र प्रमुख सूचना प्रविधि अधिकृत रहेको व्यवस्थापन समूहले पुनरसंरचनाका कार्यहरूलाई निरन्तरता दिएको छ । यस बैंकमा खुल्ला प्रतिस्पर्धाबाट नयाँ प्रमुख कार्यकारी अधिकृत नियुक्तिको लागि आवश्यक प्रकृया प्रारम्भ भइरहेको छ । नयाँ प्रमुख कार्यकारी अधिकृत नियुक्ति गरी उक्त बैंकको पुनरसंरचनाका कार्यहरूलाई निरन्तरता दिइनेछ ।

७९. राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडको संरचनागत सुधारको कार्य भइरहेको सन्दर्भमा उक्त दुवै बैंकको लागि Bank Restructuring Advisor नियुक्त गर्ने कार्यक्रम रहेको छ । यस सम्वन्धमा नेपाल सरकारबाट नीति आएपछि थप प्रकृया अघि बढाईने छ ।

८०. पुनरसंरचनाको क्रममा रहेका यी दुबै बैंकहरूको हालसम्मको प्रगतिलाई समग्रमा समीक्षा गर्दा आर्थिक वर्ष २०६०/६१ देखि खुद मुनाफा आर्जन गरेको, बैंकको ऋणात्मक पूँजीकोषलाई घटाउँदै लगेको, बैंकलाई स्थिरता प्रदान गर्ने सम्बन्धमा व्यवस्थापन समूहले अन्तर्राष्ट्रियस्तरका विभिन्न निर्देशिका, नीति, नियमहरू तयार गरी लागू गरेको र बैंकभित्र अन्तर्राष्ट्रिय रुपमा स्वीकार्य व्यवस्था तथा शैलीहरु तर्जुमा गरी सोको कार्यान्वयन गरिरहेको तथ्यलाई दृष्टिगत गर्दा हालसम्मको प्रगतिलाई सकारात्मक रुपमा लिन सकिन्छ ।

८१. २०५६ सालदेखि वार्षिक रुपमा अर्बौं रकम घाटा व्यहोर्दै आएको नेपाल बैंक लिमिटेडले आर्थिक वर्ष २०५९/६० मा खुद नोक्सान घटाएर करिब रू २५ करोडमा सीमित गरेकोमा त्यसपछिका आर्थिक वर्षहरूमा नाफामा गई आर्थिक वर्ष २०६५/६६ को असारमसान्तमा रू ६६ करोड कर अधिको मुनाफा आर्जन गरेको छ । साथै, बैंकले पेश गरेको अपरिष्कृत वित्तीय विवरण अनुसार २०६६ पुस मसान्तसम्ममा रू ४६ करोड कर अधिको मुनाफा आर्जन गरेको छ । त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको खुद नोक्सान आर्थिक वर्ष २०५९/६० मा रू ४८४ करोड रहेकोमा त्यस पछिका आर्थिक वर्षहरूमा नाफामा गई आर्थिक वर्ष २०६५/६६ को असार मसान्तसम्ममा रू २ अर्ब ९ करोड नाफा आर्जन गर्न सकेको छ । साथै, बैंकले पेश गरेको अपरिष्कृत वित्तीय विवरण अनुसार २०६६ पुस मसान्तसम्ममा रू १ अर्ब १५ करोड नाफा आर्जन गरेको छ ।

८२. दुवै बैंकको ऋणात्मक पूँजीकोषमा क्रमशः सुधार भइरहेको छ । नेपाल बैंक लिमिटेडको पुनरसंरचना गर्ने कार्यको शुरुवात भएपछि २०६० असार मसान्तमा कुल पूँजीकोष रू ९.८० अर्बले ऋणात्मक रहेकोमा २०६६ असारमसान्तसम्ममा रू ४ अर्ब ८८ करोडले ऋणात्मक रहन गएको छ । साथै, बैंकले पेश गरेको अपरिष्कृत वित्तीय विवरण अनुसार २०६६ पुस मसान्तसम्ममा रू ४ अर्ब ८६ करोड ऋणात्मक पूँजीकोष रहेको छ । त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकको २०६० असार मसान्तमा कुल पूँजीकोष (नेटवर्थ) रू २२.३९ अर्बले ऋणात्मक रहेकोमा २०६६ असार मसान्तसम्ममा सो घटेर रू १३ अर्ब ४८ करोडमा सीमित हुन पुगेको छ । त्यस्तै, बैंकले पेश गरेको अपरिष्कृत वित्तीय विवरण अनुसार २०६६ पुस मसान्तमा रू १२ अर्ब ३१ करोडले पूँजीकोष ऋणात्मक रहेको छ ।

८३. नेपाल बैंक लिमिटेडको कुल कर्जामा भाखा नाघेको कर्जा २०६० असार मसान्तमा ६०.४७ प्रतिशत रहेकोमा क्रमशः सुधार भई २०६६ असार मसान्तमा ४.९४ प्रतिशत तथा २०६६ पुस मसान्तमा ३.८ प्रतिशतमा सीमित हुन पुगेको छ । त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकको कुल कर्जामा भाखा नाघेको कर्जा २०६० असार मसान्तमा ६०.१५ प्रतिशत रहेकोमा क्रमशः सुधार भई २०६६ असारमसान्तमा १५.६८ प्रतिशत रहेको छ । त्यस्तै, २०६६ पुस मसान्तमा कुल कर्जामा भाखा नाघेको कर्जा १२.९८ प्रतिशत रहेको छ ।

८४. नेपाल बैंक लिमिटेडमा आर्थिक वर्ष २०५६/५७ देखि २०६५/६६ सम्मको लेखापरीक्षण गर्ने कार्य सम्पन्न भई आर्थिक वर्ष २०६५/६६ को लेखापरीक्षण प्रतिवेदन यस बैंकको स्वीकृतिको लागि प्राप्त भइसकेको छ । लेखा

परीक्षण विवरणहरू अद्यावधिक गरिएका छन् । साथै, त्रैमासिक रुपमा वित्तीय विवरणहरू नियमित रुपमा प्रकाशन हुन थालेका छन् । त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकमा नयाँ व्यवस्थापनको नियुक्तिपछि आर्थिक वर्ष २०६४/६५ सम्मको बाह्य लेखापरीक्षण गर्ने कार्य सम्पन्न भइसकेको छ । लेखापरीक्षणँग सम्बन्धित विवरणहरू अद्यावधिक गरिएका छन् । साथै, त्रैमासिक रुपमा वित्तीय विवरणहरू नियमित रुपमा प्रकाशन हुन थालेका छन् । आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्य पनि नियमित रुपमा व्यवस्थापन समूहलाई दिएको लक्ष्य अनुसार नै भइरहेको छ ।

८५. कर्मचारीको संख्यालाई उपयुक्तस्तरमा राख्न नेपाल बैंक लिमिटेडमा हालसम्म चार वटा स्वेच्छिक अवकाश योजना सम्पन्न भइसकेका छन् । साथै, चौथो स्वेच्छिक अवकाश योजना लागु भए पश्चात् कर्मचारीहरूको सेवा अवधि ३० वर्ष कायम भएको छ । यस बैंकमा २०५८ असार मसान्तमा कर्मचारी संख्या ६०३० रहेकोमा २०६६ असार मसान्तमा २४४२ जना तथा २०६६ पुस मसान्तसम्ममा सो संख्या बढी २४५४ पुगेको छ । त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकले Successor Plan नेपाल राष्ट्र बैंक समक्ष पेश गरिसकेको छ भने Performance based rewarding system लागू गरेको छ । कर्मचारीको संख्यालाई उपयुक्त स्तरमा राख्न छैठौं स्वेच्छिक अवकाश योजना लागू गरिएको छ । २०५९ असार मसान्तमा राष्ट्रिय वाणिज्य बैंकमा ५५८३ कर्मचारी रहेकोमा २०६६ असार मसान्तमा २६९७ जना तथा २०६६ पुस मसान्तमा २७०५ जना रहेका छन् ।

८६. नेपाल बैंक लिमिटेडको व्यवस्थापन समूहले बैंकिङ्ग प्रणालीलाई भित्रैबाट मजबुत तथा सक्षम बनाउन विभिन्न किसिमका योजना, नीति, मार्गदर्शन बनाई लागू गरिसकेको छ । खासगरी कर्जा व्यवस्थापनमा सुधार ल्याउन कर्जा नीति तथा निर्देशिका बनाई लागू गरेको छ । नयाँ लेखा निर्देशिका, आन्तरिक लेखा परीक्षण निर्देशिका, लेखा शीर्षक वर्गीकरण निर्देशिका तर्जुमा गरी लागू भएका छन् । कर्जा अपलेखन विनियमावली तयार गरी सो विनियमावली अनुरुप अपलेखन गर्ने कार्य शुरु समेत गरिसकेको छ । त्यसैगरी राष्ट्रिय वाणिज्य बैंकको व्यवस्थापन समूहले बैंकिङ्ग प्रणालीलाई मजबुत तथा सक्षम बनाउन विभिन्न किसिमका योजना, नीति, मार्गदर्शन बनाई लागू गरिसकेको छ । खासगरी Anti-Money Laundering Policy, Investment and Treasury Operation Manual, Internal Audit Manual, Trade Finance Manual लगायत कर्जा व्यवस्थापनमा सुधार ल्याउन कर्जा नीति तथा निर्देशिकाहरू तर्जुमा गरी लागु गरेका छन् साथै कर्जा अपलेखन विनीयमावली तयार गरी लागु गरेको छ ।

८७. बैकिङ्ग कारोवारलाई कम्प्युटर पद्धतिबाट सम्पन्न गरी छिटो छरितो तथा व्यवस्थित बनाउने सम्बन्धमा सूचना प्रबिधि सम्बन्धी योजना तर्जुमा भई सोही अनुरुप नेपाल बैंक लिमिटेडका हालसम्म कुल १०७ शाखाहरू मध्ये ६६ वटा शाखाहरू Computerize गरिएको छ । त्यसैगरी राष्ट्रिय वाणिज्य बैंकले हालसम्म कुल १२४ शाखाहरू मध्ये १२० वटा शाखाहरू Computerize गरेको छ ।

८८. <u>**समग्र वित्तीय क्षेत्रको सक्षमतामा अभिवृद्धित**</u>र्फ हालसम्मको प्रगति अन्तर्गत कर्जा सूचना केन्द्र लिमिटेडको यान्त्रिकीकरणको कार्य प्रारम्भ गरिएको छ । जस अन्तर्गत कर्जा सूचना केन्द्र लिमिटेडबाट तयार गरी यस परियोजनामा पेश भएको Bid Documents को मूल्याङ्कन भइरहेको छ । साथै, उक्त केन्द्रका कर्मचारीहरु वैदेशिक तालिममा सहभागी गराइएको छ । यसैगरी ऋण असुली न्यायाधीकरणका कर्मचारीहरूको दक्षता अभिवृद्धिको लागि कार्यरत कर्मचारीहरूलाई तालिम प्रदान गर्ने कार्यक्रम रहेको छ । साथै, उक्त न्यायाधीकरणको यान्त्रिकीकरणको पनि कार्यक्रम रहेको छ ।

## नियमन तथा गुनासो व्यवस्थापन

८९. बैंक तथा वित्तीय संस्थाहरूसँग कर्जा लिई नियतवश ऋण नतिर्ने ऋणीहरूलाई राहदानी जफत लगायतका कारवाही गरिएका ऋणीहरूमाथि गरिने कारवाहीको प्रभावकारिता अनुगमन गरी कारवाहीलाई थप सक्रिय बनाउन माननीय सभासद् श्री हरि रोकाज्यूको संयोजकत्वमा गठित खराब (नियतवश) ऋणी कारवाही अनुगमन समितिले आफ्नो काम अघि बढाएको छ । फलस्वरुप, नेपाल सरकारको राहदानी जफत लगायतका कारवाहीमा परेका कुल ३५५ जना ऋणीहरूमध्ये ३२ जनाले ऋण चुक्ता गरी उनीहरूमाथिको कारवाही फुकुवा समेत भइसकेको छ । साथै, बैंक तथा वित्तीय संस्थाहरूको रू ४६ करोड १३ लाख ऋण असुली समेत भइसकेको छ ।

९०. समीक्षा अवधिमा वाणिज्य बैंकतर्फ जनता बैंक लिमिटेड संचालनमा आई कुल वाणिज्य बैंकको संख्या २७ पुगेको छ । त्यस्तै वित्तीय कारोवार सञ्चालन गरिरहेका विकास बैंकहरूको संख्या वृद्धि भई ७८ पुगेको छ । यस अवधिमा थप भएका १८ वटा नयाँ विकास बैंकहरू मध्ये राष्ट्रिय स्तरमा वित्तीय कारोवार गर्न स्वीकृति दिइएका २ वटा विकास बैंकहरू मध्ये इन्टरनेशनल डेभलपमेन्ट बैंकले वित्तीय कारोवार सुरु गरिसकेको छ भने टुरिजम् डेभलपमेन्ट बैंकले हालसम्म वित्तीय कारोवार गरेको छैन । समीक्षा अवधिमा ६ वटा विकास बैंकले ३ जिल्ला कार्य क्षेत्र रहने गरी स्वीकृति प्राप्त गरेका छन् भने १ जिल्ला कार्यक्षेत्र रहने गरी १० बटा विकास बैंकलाई स्वीकृति प्रदान गरिएको छ । १ जिल्ला र ३ जिल्लामा कार्यक्षेत्र रहने गरी स्थापना भएका सबै विकास बैंकहरूले वित्तीय कारोवार सञ्चालन गरिसकेका छन् । समीक्षा अवधिमा उपरोक्त बमोजिम वित्तीय कारोवार गर्ने ईजाजतपत्र प्राप्त गरेका विकास बैंक बाहेक थप १० वटा विकास बैंकहरूले बैंक संस्थापनाको लागि सैद्धान्तिक सहमती प्राप्त गरी वित्तीय कारोवार गर्ने स्वीकृति प्राप्त गर्ने प्रकृयामा रहेका छन् ।

९१. समिक्षा अवधिमा "ग" वर्गका दुई वटा वित्तीय संस्था एक आपसमा गाभिनुका साथै दुई वटा नयाँ वित्त कम्पनीहरू स्थापना भई कुल वित्त कम्पनीहरूको संख्या ७९ कायम रहेको छ । समीक्षा अवधिमा "घ" वर्गको लघुवित्त विकास बैंकहरूको संख्या १३ बाट बढेर १८ पुगेको छ ।

९२. नयाँ बैंक खोल्ने नीति सम्बन्धी अध्ययन अन्तिम चरणमा पुगेको छ । उक्त अध्ययनको निष्कर्षका आधारमा नयाँ बैंक तथा वित्तीय संस्था खोल्ने नीति आगामी आर्थिक वर्षको शुरुदेखि तय गरिनेछ ।

९३. सहकारी ऐन अन्तर्गत दर्ता भई यस बैंकबाट सीमित बैंकिङ्ग कारोवार सञ्चालन गर्ने इजाजतपत्रप्राप्त सहकारी संस्थाहरूको संख्या गत वर्ष सरह नै २०६६ चैत मसान्तसम्ममा १६ वटामा नै सीमित रहेको छ । यसैगरी, वित्तीय मध्यस्थताको कारोवार गर्ने गैर-सरकारी संस्थाहरूको संख्या ४५ रहेको छ । यस अवधिमा ती संस्थाको कार्य क्षेत्र विस्तारमा रोक लगाइएकोमा एक आर्थिक वर्षमा स्वीकृत कार्य क्षेत्रसँग जोडिएको एक जिल्लामा कार्य क्षेत्र विस्तार गर्न स्वीकृति प्रदान गर्ने नीतिगत व्यवस्था गरिएको छ ।

९४. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरिएको एकिकृत निर्देशनलाई परिमार्जन गर्ने क्रममा एकिकृत निर्देशन २०६२ मा तत्पश्चात २०६६ असार मसान्तसम्म जारी भएका परिपत्र/निर्देशनहरूलाई संशोधन तथा परिमार्जन गरी एकिकृत रुपमा समावेश गरी मिति २०६६।५।३१ मा एकिकृत निर्देशन, २०६६ जारी गरिएको छ ।

९५. बैंक तथा ऋणी बीचको कारोवारमा कुनै पनि पक्षलाई मर्का पर्न गएमा त्यस्तो मर्काको सुनुवाइको लागि मिति २०६२।०१।११ मा यस बैंकका वरिष्ठ डेपुटी गर्भनरको संयोजकत्वमा गुनासो सुनुवाई ईकाई (Grievance Monitoring Cell) को गठन गरिएकोमा नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०६३।८।२९ को निर्णयानुसार डेपुटी गभर्नरको संयोजकत्वमा अर्थ मन्त्रालयको प्रतिनिधि र बैकर्स संघको अध्यक्ष सदस्यको रुपमा तथा उद्योग वाणिज्य महासंघको प्रतिनिधि पर्यवेक्षकको रुपमा रहने गरी मिति २०६३।९।२० मा **गुनासो व्यवस्थापन समिति**को पुनरगठन गरिएको छ । गुनासो सुनुवाई इकाइ तथा गुनासो व्यवस्थापन समितिको गठन भए पश्चात् वि.सं. २०६६ फागुन मसान्तसम्ममा जम्मा ४१५ वटा उजुरी परेकोमा ३७१ वटा उजुरी उपर सुनुवाइ भइसकेको र बाँकी ४४ वटा उजुरीको सम्बन्धमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुसँग आवश्यक पत्राचार भइरहेको छ ।

## बैंक तथा वित्तीय संस्था सम्बन्धी अन्य गतिविधि

९६. तोकिएको मापदण्ड पुरा गर्ने "क" वर्गका वाणिज्य बैंकहरूले विदेशमा शाखा कार्यालय स्थापना गर्ने सम्बन्धी नीतिगत व्यवस्था लागू गरिएको छ । त्यस्तै, विदेशी बैंक/वित्तीय संस्थाको प्रतिनिधि कार्यालय (Representative Office) खोल्न अनुमति प्रदान गरिसकिएको छ ।

९७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १३ बमोजिम व्यवसायिक विशेषज्ञहरूको सूची कायम गर्ने सन्दर्भमा समीक्षा अबधिमा तोकिए बमोजिमको योग्यता तथा रीत पुगेका थप १२ जना व्यक्तिहरू समेत गरी जम्मा ८९ जनालाई व्यवसायिक विशेषज्ञको सूचीमा कायम गरिएको छ ।

९८. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६० को उपदफा २ को प्रयोजनको निम्ति लेखापरीक्षक/लेखापरीक्षण गर्ने संस्थाको सूची कायम गर्ने सन्दर्भमा नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्था र यस

बैंकवीच सूचीकरण गर्ने कार्यलाई सरलीकरण गर्ने सम्बन्धमा सहमति भई आवश्यक काम कारवाही भइरहेको छ ।

९९. नेपाल राष्ट्र बैंकबाट स्थापना भई सञ्चालनमा रहेको बैंकिङ्ग प्रबर्द्धन समिति २०६६।३।३१ गतेबाट नेपाल बैंकर्स संघ अन्तर्गत रही सञ्चालन गर्ने निर्णय भए बमोजिम हस्तान्तरण कार्य सम्पन्न भएको छ ।

## बैंक तथा वित्तीय संस्था निरीक्षण तथा सुपरिवेक्षण

### बैंक सुपरिवेक्षण

१००. बाणिज्य बैंकहरूको सख्यात्मक वृद्धिसँगै बढ्दै गएको वित्तीय सेवाहरू तथा त्यसमा निहित जोखिम र विद्यमान सुपरीवेक्षकीय क्षमता बीच तालमेल मिलाउनु पर्ने वस्तुगत यथार्थतालाई मध्यनजर गर्दै बैंकहरूको सुपरिवेक्षण गर्दा जोखिमका क्षेत्रहरूमा जोड दिई Risk Based Supervision लाई क्रमिकरुपमा लागू गर्ने नीति रहेको छ । सुपरिवेक्षण प्रक्रियालाई अझ प्रभावकारी कार्यान्वयनमा जोड दिंदै समग्र बैंकिङ्ग प्रणालीप्रति सर्वसाधारणको विश्वास अभिवृद्धि गर्नका लागि सबै बैंकहरूमा नियमित रुपमा सुपरीवेक्षण तथा अनुगमन गर्ने व्यवस्था मिलाइएको छ ।

१०१. सबै वाणिज्य बैंकहरूको हरेक वर्ष स्थलगत निरीक्षण गरी प्रतिवेदन तयार गर्ने नीति अनुरुप आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्ममा २१ वटा वाणिज्य बैंकहरूको निरीक्षण कार्य सम्पन्न भएको छ । सुपरिवेक्षणको क्रममा देखिएका कमी कमजोरीहरू सुधार गर्न निरीक्षणको क्रममा आवश्यक सुधार गराउने तथा निरीक्षण प्रतिवेदन मार्फत् सुधारको लागि नियमित रुपमा निर्देशन दिने गरिएको छ । सुपरिवेक्षण कार्य तथा निरीक्षण प्रतिवेदनको प्रभावकारी कार्यान्वयनको लागि विभागीय संरचनामा सुधार गर्दै स्थलगत निरीक्षण महाशाखा अन्तर्गतका निरीक्षण इकाइहरूको पुनर्गठन गरिएको छ ।

१०२. समीक्षा अवधिमा आवश्यकता हेरी १६ वटा विशेष निरीक्षण समेत सम्पन्न गरिएको छ । जसमध्ये वाणिज्य बैंकहरूले कायम गर्नुपर्ने न्यूनतम पूँजीकोष सम्बन्धी नयाँ व्यवस्था (बासल टु) अनुसार पूँजीकोष रहे नरहेको यकीन गर्न तथा बैंकहरूमा विद्यमान तरलताको अवस्था अध्ययन गर्नका लागि १० वटा वाणिज्य बैंकहरूको विशेष निरीक्षण समेत यसै अवधिमा सम्पन्न गरिएको छ ।

१०३. बाणिज्य बैंकहरूको वित्तीय विवरण प्रकाशित गर्नु अगाडि यस बैंकबाट स्वीकृति (Clearance) दिने कार्यलाई निरन्तरता प्रदान गरिएको छ । २०६६ असार मसान्तको वित्तीय विवरणको आधारमा २०६६ फागुन मसान्तसम्ममा २४ वटा वाणिज्य बैंकहरूलाई वित्तीय विवरण प्रकाशित गर्न आवश्यक निर्देशन सहित सहमति प्रदान गरिएको छ । निर्देशन बमोजिम तोकिएको अनिवार्य नगद मौज्दात कायम नगर्ने तथा विपन्न वर्गमा कर्जा प्रवाह नगर्ने बैंकहरूलाई हर्जाना लगाउने र सोको जानकारी यस बैंकको वेभसाईटमा अद्यावधिक गर्ने गरिएको छ । वाणिज्य बैंकहरूमा विगत केही समयदेखि आएको तरलता सम्वन्धमा तथ्य संकलन गर्नका लागि गैर-स्थलगत महाशाखाबाट बाणिज्य बैंकमा रहेको तरलतालाई दैनिक रुपमा अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइएको छ । सुपरिवेक्षण कार्यलाई बढी प्रभावकारी र समयसापेक्ष बनाउन गैर-स्थलगत महाशाखाको संरचनामा सुधार गरिएको छ ।

१०४. बैंक सुपरिवेक्षण विभागको काम कारवाही तथा वाणिज्य बैंकहरूको समष्टिगत सुपरिवेक्षण तथा वित्तीय स्थितिको विश्लेषण सहित समसामयिक विषयवस्तुहरू समेटेर तयार पारिएको वार्षिक बैंक सुपरिवेक्षण प्रतिवेदन २००८ प्रकाशित गरी यस बैंकको Web-Site मा समेत राखिएको छ ।

१०५. वाणिज्य बैंकहरूलाई बढी जोखिम सम्वेदनशील भई बैंकिङ्ग कारोवार सञ्चालन गर्नका लागि जोखिम व्यवस्थापनको मार्गदर्शन स्वरुप Risk Management Guideline (RMG) र Risk Based Supervision लागु गर्नका लागि आवश्यक Risk Based Supervision Guidelines को मस्यौदा तयारी भइसकेको छ । जोखिम व्यवस्थापनका लागि महत्वपूर्ण विधिका रुपमा लिइने Stress Testing सम्बन्धी उपयुक्त विधिको छनौटका लागि कार्य अघि बढाइएको छ ।

१०६. बैंक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित नियमनकारी निकायहरु बीचको समन्वयलाई बढी प्रभावकारी र समय सापेक्ष सुधार गर्दै जाने क्रममा डेपुटी गभर्नरको संयोजकत्वमा बैंक तथा वित्तीय संस्था नियमन विभाग, बैंक

सुपरीवेक्षण विभाग र वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशकहरू र धितोपत्र बोर्डका अध्यक्ष, बीमा समितिका अध्यक्ष, कम्पनी रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार, अर्थ मन्त्रालय, आ.का.वि. महाशाखाका प्रमुख सदस्य रहेको उच्च स्तरीय समन्वय समितिले वित्तीय क्षेत्रमा आवश्यक समन्वय गराई समसामयिक विषयहरूमा छलफल तथा निर्णयहरू गर्दै आएको छ ।

## वित्तीय संस्था सुपरिवेक्षण

१०७. २०६६ चैत मसान्तसम्म नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त विकास बैंक ७८, वित्त कम्पनी ७९, लघुवित्त कारोवार गर्ने विकास बैंक १८, सहकारी संस्था १६ र गैर-सरकारी संस्था ४५ गरी कुल २३६ वित्तीय संस्थाहरू निरीक्षण सुपरिवेक्षणको दायराभित्र रहेका छन् । उपर्युक्त वित्तीय संस्थाहरूमध्ये २०६५ चैतदेखि २०६६ फागुनसम्म ३२ विकास बैंक, ३५ वित्त कम्पनी, ६ सहकारी संस्था, ५ लघु वित्त विकास बैंक र १ गैर-सरकारी संस्थाको समष्टिगत स्थलगत निरीक्षण सम्पन्न गरिएको छ । त्यसैगरी, ७ विकास बैंक र २ लघु वित्त विकास बैंकको लक्षित निरीक्षण सम्पन्न गरिएको छ भने १२ विकास बैंक, १८ वित्त कम्पनीको विशेष निरीक्षण र ११ विकास बैंक, २ वित्त कम्पनी र ३ लघु वित्त विकास बैंकको भौतिक पूर्वाधार निरीक्षण पनि सोही अवधिमा सम्पन्न गरिएको छ । समीक्षा अवधिमा १ विकास बैंक र ५ वित्त कम्पनीको अनुगमन निरीक्षण गरिएको छ ।

१०८. नेपाल विकास बैंक लिमिटेडलाई मिति २०६४।६।२४ मा समस्याग्रस्त घोषणा गरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ (ग) अनुरुप २०६५ असार मसान्तसम्ममा पालना गर्ने गरी दिइएका निर्देशनहरू पालना नगरुञ्जेलसम्म थप कर्जा प्रदान गर्न, निक्षेप संकलन तथा नवीकरण गर्न, जमानत प्रदान गर्न, थप स्थिर सम्पत्ति खरिद गर्न प्रतिबन्ध लगाइएकोमा, निर्देशनहरू पालना गर्नेतर्फ सो विकास बैंकका सञ्चालक तथा व्यवस्थापन पक्ष गम्भीर र सक्रिय नभएकोले आर्थिक तथा वित्तीय स्थिति थप खराब नहोस् र निक्षेप तथा वचतकर्ताहरूको हित संरक्षण होस् भन्ने उद्देश्यले नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०६६।२।१९ को निर्णयानुसार सो विकास बैंकलाई मिति २०६६।२।२० को पत्रानुसार विघटनमा पठाउन पुनरावेदन अदालत, पाटनमा निवेदन किन नदिने भनी स्पष्टीकरण सोधिएकोमा सो बैंकबाट पेश हुन आएको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले यस बैंक सञ्चालक समितिको २०६६।३।८ को बैठकको निर्णयानुसार सो विकास बैंकलाई खारेज गर्न पुनरावेदन अदालत, पाटनमा निवेदन दिइयो । उक्त अदालतको मिति २०६६।९।२ को निर्णयानुसार बैंक खारेजीका लागि लिक्विडेटर नियुक्त भई सोही अनुसार कामकारवाही अघि बढिरहेको छ । साथै, दिइएका निर्देशनहरूको पालना गरेको नदेखिएकोले उक्त बैंकका प्रवन्ध सञ्चालक तथा सञ्चालकहरूलाई कारवाही तथा जरिवाना गरिएको छ ।

१०९. रारा विकास बैंक लि. सुर्खेतको मिति २०६५।९।२७ र २८ गते गरिएको विशेष निरीक्षणको आधारमा मिति २०६५।१०।१९ को निर्णय अनुसार यस बैंकको निर्देशन विपरीत कारोवार गरेको पाइएकोले विदेशी विनिमय ( नियमित गर्ने) ऐन २०१९ को दफा ३ (क) को उपदफा (१) को खण्ड (घ) बमोजिम अर्को निर्णय नभएसम्म विदेशी विनिमय कारोवारको इजाजतपत्र निलम्बनमा राखिएको थियो । साथै यस बैंकबाट जारी नीति निर्देशनहरूको पालना गरेको नदेखिएकोले प्रवन्ध सञ्चालक तथा सञ्चालकहरूलाई कारवाही तथा जरिवाना गरिएको छ । उक्त बैंकको विशेष स्थलगत निरीक्षणका क्रममा माथि उल्लिखित कैफियतहरूका सम्बन्धमा दिइएका विभिन्न निर्देशनहरूको पालना स्थिति सन्तोषजनक देखिएको हुँदा मिति २०६६।८।५ देखि विदेशी विनिमय कारोवार इजाजत फुकुवा गरिएको छ ।

११०. युनाइटेड विकास बैंक लि. (जीतपुर बारा) लाई नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा ८६ (क) बमोजिम मिति २०६३।९।३ देखि समस्याग्रस्त घोषणा गरी विभिन्न सुधारात्मक निर्देशनसहित निक्षेप संकलन, कर्जा सापटी एवम् वित्तीय जमानत जारी गर्न समेत लगाइएको प्रतिबन्धलाई मिति २०६५।७।१ देखि बैंक तथा वित्तीय संस्थाको शिघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली २०६४ को विनियम ३ को खण्ड (ङ) बमोजिम कारवाहीमा परिणत गरिएकोमा २०६६ असार मसान्तको वित्तीय विवरणहरू विश्लेषण गर्दा प्राथमिक पूँजी तथा पूँजीकोष क्रमश ११.६६ र ११.७४ कायम हुन आएको तथा खराव कर्जा असुलीबाट सञ्चित नोक्सानीमा केही कमी आएको, न्यून गुणस्तरको कर्जा असुलीको लागि बैंकले केही समय माग गरेको तथा नयाँ संस्थापकहरूबाट व्यवस्थापनमा सुधार गर्ने लगायतका प्रतिवद्धता जाहेर गरेकोले सुधारात्मक निर्देशनहरू कार्यान्वयन तथा पालना गर्ने गरी उपर्युक्त कारवाहीहरू मिति २०६६।४।१९ देखि फुकुवा गरिएको छ ।

१११. २०६५ साल चैतदेखि २०६६ फागुनसम्ममा अनिवार्य नगद मौज्दात (CRR) नपुऱ्याएका १० विकास बैंक, ११ वित्त कम्पनी र १ लघु वित्त विकास बैंकलाई जरिवाना लगाइएको छ । त्यस्तै, यस बैंकको नीति अनुसार विपन्न वर्गमा प्रवाह गर्नु पर्ने अनुपातमा कर्जा प्रवाह नगरेकोले १४ विकास बैंक र १७ वित्त कम्पनीलाई पनि जरिवाना लगाइएको छ । साथै, समीक्षा अवधिमा ५२ विकास बैंक, ४७ वित्त कम्पनी र ७ लघु वित्त विकास बैंकलाई वार्षिक वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गरिएको छ । यसैगरी २ वित्त कम्पनीलाई शिघ्र सुधारात्मक कारवाहीसम्बन्धी विनियमावली २०६४ को विनियम ३ (ख) बमोजिम कारवाही गरिएको छ भने २ वित्त कम्पनीलाई सोही विनियमावलीको विनियम ३ (ख) बमोजिम र २ विकास बैंक र १ वित्त कम्पनीलाई विनियम ३ (ङ) बमोजिम कारवाही गरिएकोमा कारवाही फुकुवा गरिएको छ ।

११२. यस बैंकबाट इजाजतप्राप्त वित्तीय संस्थाहरूले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ को दफा ५९ को उपदफा (२) बमोजिम आर्थिक वर्ष समाप्त भएको मितिले ५ महिनाभित्र लेखापरिक्षण सम्पन्न गर्नुपर्ने व्यवस्था रहेकोमा सो समयावधिभित्र लेखापरीक्षण नगराउने ५ विकास बैंक, ७ वित्त कम्पनी, ३ लघुवित्त विकास बैंकहरूलाई, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार यस्तो कार्य पुन नदोहोरिने गरी एक पटकको लागि निर्णय बमोजिम लिखित चेतावनी दिइएको छ ।

११३. यस बैंकबाट इजाजतप्राप्त वित्तीय संस्थाले वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवम् प्रक्रियागत व्यवस्था २०६३ को बुँदा १.४ को व्यवस्था अनुरुप २०७० सालसम्म यस बैंकले तोकेको चुक्तापूँजी अनुरुप आर्थिक वर्ष २०६५/६६ मा पुऱ्याउनु पर्ने समानुपातिक चुक्तापूँजी लेखापरीक्षण भएको वित्तीय विवरणको आधारमा नपुऱ्याउने वित्तीय संस्थाहरूलाई सोही बुँदाको उपदफा (क) र (ख) अनुरुप लाभांश रोक्का तथा निक्षेप संकलनमा प्रतिबन्ध लगाउन नपर्ने कारण भए १५ दिन भित्र स्पष्टीकरण पेश गर्न ५ विकास बैंक र १४ वित्त कम्पनीलाई निर्देशन दिइएको छ ।

## मुद्रा व्यवस्थापन

११४. देशभरी सहजरुपमा नोट आपूर्तिको जिम्मेवारी बहन गर्ने क्रममा आर्थिक वर्ष २०६४/६५ देखि ३.२५ वर्षका लागि नोट छपाउने व्यवस्था अनुरुप नोट छपाउने कार्य अघि बढाइएको छ । २०६५ चैतदेखि २०६६ फागुन मसान्तसम्म रू. ५, १०, २०, ५०, १००, ५०० र १००० दरका क्रमशः २५, २३, १३, ९, १२, १० र १० करोड थान नोटहरू छपाई भइरहेको र आउने क्रम जारी रहेको छ । २०६५ चैतदेखि २०६६ फागुन मसान्तसम्ममा रू. ३५ अर्ब २ करोड ५० लाख बराबर नोट छपाई भई यस बैंकमा भित्रिएको छ ।

११५. २०६५ फागुन मसान्तका दिन रू. २ अर्ब २५ करोड ३९ लाख रकम बराबरको विभिन्न दरका ५ करोड ५१ लाख ५० हजार थान नोट रहेको छ । २०६५ चैतदेखि २०६६ फागुन मसान्तसम्ममा रू. ३५ अर्ब २ करोड ५० लाख रकम बराबरको ३४ करोड ५ लाख थान नोट छपाई भई यस बैंकमा भित्रिएको छ । यस अवधिमा डिफेक्टिभ रू. पाँच सय दरको रू. ७५ करोड र रू. १००० दरको रू. २० करोड रकम बराबरको १७ लाख थान समेत गरी रू. २७ अर्ब ९९ करोड ४२ लाख ५० हजार रकम बराबरको २७ करोड ३० लाख थान नोट खर्च भएको छ भने २०६६ फागुन मसान्तका दिन रू. १० अर्ब २३ करोड ४६ लाख ५० हजार रकम बराबरको १२ करोड ४३ लाख ५० हजार थान नोट स्टक रहेको छ ।

११६. देशभरी नेपाली नोटहरूको चलनचल्तीमा व्यापकता ल्याउन तथा देशभरी बैंकिङ्ग सेवा सुचारु रुपले सञ्चालन गर्नका लागि आवश्यक नेपाली रूपैयाँ सुगम तरिकाले उपलब्ध गराउन ४३ वटा राष्ट्रिय वाणिज्य बैंकका शाखा/उपशाखाहरू, २४ वटा नेपाल बैंक लिमिटेडका शाखा/उपशाखाहरू तथा नेपाल राष्ट्र बैंकका जिल्लास्थित ७ वटा कार्यालयहरूमा नोटकोषको स्थापना गरी सेवा पुऱ्याइएको छ । सम्पूर्ण वाणिज्य बैंकहरूलाई समेत २०६६ जेठ महिनादेखि उक्त नोटकोषहरूमा कारोवारको सुविधा उपलब्ध गराइएको छ । यसले गर्दा बैंकको फण्ड ट्रान्सफर खर्च मितव्ययी हुनाका साथै नोटको आपूर्ति व्यवस्था सहज हुने विश्वास लिइएको छ । नोटकोष कारोवारमा देखिने समस्याहरूलाई निराकरण गर्न र प्रभावकारी बनाउन देशभरी रहेका सबै नोटकोषहरूको निरीक्षण तथा अनुगमन गर्ने व्यवस्था समेत गरिएको छ । नोटकोषमा २०६५ फागुन मसान्तका दिन कुल रू. ११ अर्ब ५७ करोड १८ लाख ६५ हजार रकम रहेकोमा २०६६ फागुन मसान्तका दिन रू. १३ अर्ब ४८ करोड ९१ लाख १५ हजार रकम मौज्दात रहन गई उक्त अवधिमा रू. १ अर्ब ९१ करोड ७२ लाख ५० हजारले मौज्दात बढ्न गएको छ ।

११७. २०६५ फागुन मसान्तसम्म विभिन्न दरका रू. १ खर्ब ३३ अर्ब ३३ करोड नोट चलनचल्तीमा रहेकोमा २०६६ फाल्गुण मसान्तसम्ममा थप रू. २२ अर्ब ७६ करोड नोट निष्काशन भई चलनचल्तीमा रहेको कुल रकम रू. १ खर्ब ५६ अर्ब ९ करोड पुगेको छ ।

११८. मुद्रा व्यवस्थापन विभाग र बैंकका जिल्लास्थित कार्यालयहरूबाट समेत गरी २०६५ फागुन मसान्तसम्ममा रू. १ खर्ब २५ अर्ब १ करोड ८० लाख २ हजार १ सय ४६ नोटहरू जलान भएकोमा २०६५ चैतदेखि २०६६ फागुन मसान्तसम्ममा रू. ३ अर्ब ३५ करोड ९९ लाख १ हजार २ सय ३० नोटहरू जलान भई हालसम्मको कुल जलान रू. १ खर्ब २८ अर्ब ३७ करोड ७९ लाख ३ हजार ३ सय ७६ पुगेको छ ।

११९. नोटको माग प्रक्षेपणका आधारहरूमा समसामयिक परिवर्तन गरी नोट माग प्रक्षेपण विधिमा आर्थिक वर्ष २०६६/६७ देखि परिवर्तन गरिएको छ । साथै नोट छपाई गर्ने कम्पनीहरूले छपाई गरेका नोटहरू समयमै Delivery नगरेको कारण नोटको माग र आपूर्तिमा असन्तुलन आएको तथ्यको आधारमा Delivery Schedule मा परिवर्तन ल्याउनुका साथै सम्झौताको शर्तहरूलाई समेत कडा बनाइएको छ ।

## जनशक्ति व्यवस्थापन

१२०. वर्तमान तथा भावी चुनौतीहरूको कुशलतापूर्वक सामना गर्नको लागि समयानुकूल आधुनिक सीप, ज्ञान र दक्षतायुक्त जनशक्तिलाई बैंक सेवामा प्रवेश गराउने बैंकको नीतिलाई निरन्तरता दिइएको छ । बैंक सेवालाई समावेशी बनाउँदै लैजानको लागि अधिकृत तृतीयस्तर तथा सहायक द्वितीयस्तरका जनशक्तिलाई खुल्ला प्रतियोगिताको माध्यमबाट बैंक सेवामा प्रवेश गराइएको छ । यस अन्तर्गत अधिकृत तृतीय (वाणिज्य कानून) तर्फ १ जना, अधिकृत तृतीय (अन्तर्राष्ट्रिय कानून) तर्फ १ जना, अधिकृत तृतीय (चार्टर्ड एकाउण्टेण्ट) खुलातर्फ ३ जना तथा समावेशी समुहतर्फ १ जना गरी जम्मा ६ जनालाई बैंक सेवामा प्रवेश गराइएको छ । यसैगरी अधिकृत तृतीय (प्रशासन सेवा) को खुलातर्फ ८ जना तथा समावेशी समुहतर्फ ७ (महिला-२, आदिवासी/जनजाति-२, मधेशी-२, र दलित-१) जनालाई मिति २०६६।१२।१३ गतेदेखि नियुक्ति प्रदान गरिएको छ । त्यस्तै सहायक (सहायक द्वितीय श्रेणी) तर्फ बैंकको जनकपुर, वीरगञ्ज, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी कार्यालयको लागि खुल्ला तर्फ १२ जना र समावेशी समुहतर्फ ११ जना गरी जम्मा २३ जना जनशक्ति खुल्ला प्रतियोगितात्मक परीक्षाको माध्यमबाट बैंक सेवामा प्रवेश गराइएको छ ।

१२१. २०६५ साल चैत मसान्तको दरबन्दीको आधारमा नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली २०६५ अनुसार मूल्याङ्कन वढुवा तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको माध्यमबाट पूर्ति गरिने विभिन्न स्तरहरूको रिक्त पदहरूमध्ये प्रशासन सेवातर्फको १५० र प्राविधिक सेवा (सहायक स्तरतर्फ) को ३१ पदहरू भएकोमा प्रशासन सेवा तर्फका १०० पदहरू मुल्याङ्कन बढुवाबाट पूर्ति गरिने तथा ५० पदहरू आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट पूर्ति गरिने क्रम जारी छ । पदपुर्तिको क्रममा प्रशासन सेवातर्फका विभिन्न स्तरका १०० रिक्त पदहरूमध्ये अधिकृत विशिष्ट पद ४, अधिकृत प्रथम पद ४, अधिकृत द्वितीय पद २० तथा अधिकृत तृतीय पद ६३ को मुल्याङ्कन बढुवाद्वारा पदपूर्ति कार्य सम्पन्न भइसकेको छ । आन्तरिक प्रतियोगितात्मक परीक्षाको माध्यमद्वारा पदपूर्ति गर्ने सम्बन्धमा अधिकृत प्रथम र अधिकृत द्वितीय पदको पदपूर्ति लगभग सम्पन्न भएको छ ।

१२२. बैंकको नगद सेवामा कार्यरत ५६ जना प्रधान नगद सहायकहरूलाई प्रशासन सेवाको प्रधान सहायक पदमा पद मिलान गरिएको छ । त्यस्तै, बैंकमा कार्यरत सहायक स्तरका ४७ जना कर्मचारीहरुलाई निकटतम माथिल्लो पदले पाउने तलबमानमा स्केल मिलान गरिएको छ ।

१२३. २०६५ चैतदेखि २०६६ फागुन मसान्तसम्ममा ५३ जना कर्मचारीहरूले अनिवार्य अवकास पाएका, ८ जनाले राजिनामा दिएका, १ जनाको मृत्यु भएको कारणहरूबाट बैंक सेवाबाट अलग भएका कर्मचारीहरूको संख्या ६२ रहेको छ । २०६६ फागुन मसान्तसम्म बैंकमा जम्मा १४५८ जना कर्मचारीहरू कार्यरत रहेका छन् । जसमा अधिकृत स्तरका ६०९ र सहायक स्तरका ८४९ जना कर्मचारीहरु कार्यरत रहेको हुँदा अधिकृत/सहायक स्तरका कर्मचारीहरूको अनुपात १:१:३९ कायम हुन आएको छ ।

## कर्मचारी सुविधा तथा अन्य नीतिगत व्यवस्था

१२४. बैंकका जिल्लास्थित कार्यालयहरूमा कार्यालय प्रमुख भई कामकाज गर्ने कर्मचारीहरूलाई प्रदान गरिँदै आएको कार्यालय प्रमुख भत्तामा समयानुकूल परिमार्जन गरिएको छ भने करारमा कार्यरत सूरक्षाकर्मी, मासिक तथा दैनिक ज्यालादारीमा कार्यरत व्यक्तिहरूको पारिश्रमिक तथा मासिक तथा दैनिक ज्यालामा समयानुकूल पूनरावलोकन गरिएको छ । बैंकका अवकाश प्राप्त कर्मचारीहरुलाई औषधोपचार खर्च सहायता सम्बन्धी विद्यमान व्यवस्थामा पुनरावलोकन गरिएको छ । मिति २०६६।४।१ देखि लागु हुने गरी बैंकका कर्मचारीहरूलाई प्रदान हुँदै आएको विद्यमान तलवमान र केन्द्रीय बैंक भत्तामा पुनरावलोकन गरिनुका साथै औषधि सुविधा गणना प्रतिशतमा पुनरावलोकन गरिएको छ । घर जग्गा/घर मर्मत सापटी, युनियन सुविधा, र हाल प्रबन्ध रक्षक पदमा कार्यरत आ.वा सञ्चालनको लागि राखिएका कर्मचारीहरूको विशेष सुविधा सम्बन्धमा थप व्यवस्था गरिएको छ ।

१२५. नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६२ मा दशौं संशोधन गरी कर्मचारीहरुको “आचरण र अनुशासन” सम्बन्धमा थप व्यवस्था गरिएकोमा उक्त व्यवस्थामा देखिएको अस्पष्टता हटाउन विनियमावलीमा एघारौं संशोधन गरिएको छ ।

## सहायक सेवा तथा अन्य गतिविधि

१२६. मिति २०६६।३।३० मा बसेको संचालक समितिको १०७६ औं बैठकले बैंकको आर्थिक वर्ष २०६६।६७ को लागि बार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गरी बजेट प्रणालीलाई व्यवस्थित, मितव्ययी एवं प्रभावकारी बनाउने प्रयोजनका निमित्त वार्षिक कार्यक्रम तथा बजेटको साथै २१ बुँदे निर्देशन समेत जारी गरेको छ ।

१२७. मिति २०६६।८।१९ मा बसेको संचालक समितिको १०९६ औं बैठकले बैंकको आर्थिक वर्ष २०६५।६६ को वार्षिक बजेट समीक्षा गर्ने सन्दर्भमा भविष्यमा बजेट प्रणालीलाई अझै व्यवस्थित, मितव्ययि एवं प्रभावकारी बनाउनका लागि प्रतिवेदनमा औंल्याइएका क्षेत्रहरूमा तुरुन्त काम कारवाही प्रारम्भ गरी सो को प्रगति विवरण संस्थागत योजना विभाग मार्फत् सञ्चालक समिति समक्ष पेश गर्न सम्बन्धित विभाग/कार्यालयहरूलाई १० बुँदे निर्देशन जारी गरिएको छ ।

१२८. नेपाल राष्ट्र बैंक, वार्षिक कार्ययोजना निर्धारण एवं मूल्याङ्कन निर्देशिका, २०५९ (प्रथम परिमार्जन- २०६३) लाई खारेज गरी बैंकको वार्षिक कार्ययोजना तर्जुमा, निर्धारण, मूल्याङ्कन र समीक्षा प्रणालीलाई थप व्यवस्थित र समयानुकूल बनाउन नयाँ निर्देशिका बनाई लागू गर्न वाञ्छनीय देखिएकोले नेपाल राष्ट्र बैंक वार्षिक कार्ययोजना निर्धारण एवं मुल्याङ्कन निर्देशिका, २०६६ तयार गरिएको छ ।

१२९. बैंकका सबै विभाग/कार्यालय/महाशाखाहरूमा एकजना जोखिम व्यवस्थापन अधिकृत तोकी जोखिम विवरणको अभिलेख राख्ने व्यवस्था गरिएको छ । विभाग/कार्यालय/महाशाखाहरूबाट मासिक रुपमा जोखिम रजिष्टरको विवरण माग गरी एकत्रित गर्ने कार्य भइरहेको छ । जोखिम विवरणहरूको समूहगत वर्गीकरण गरी जिल्लास्थित कार्यालय समूह, मौद्रिक तथा विदेशी विनिमय व्यवस्थापन समूह, बैकिङ्ग सञ्चालन समूह, नियमन तथा सुपरिवेक्षण समूह तथा सेवाग्राही समूहमा विभाजन गरी जोखिम ब्यवस्थापन समितिमा बुँदागत रुपमा छलफल गरी सुधारको लागि निर्देशन दिइएको छ ।

१३०. सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४ को दफा ९ अनुसार स्थापित वित्तीय जानकारी इकाइको एउटा छुट्टै कार्यालय खडा गर्नु पर्ने भएको हुँदा २०६६ भदौ महिनादेखि छुट्टै कार्यालय खडा गरी कार्य सञ्चालन गरिएको छ । सम्पत्ति शुद्धिकरण ऐन, २०६४ को तदारुकताका साथ कार्यान्वयन गर्न सम्पत्ति शुद्धिकरण नियमावली, २०६६ को मस्यौदा गरी समन्वय समितिको सिफारिसमा नेपाल सरकारमा पेश गएिकोमा नेपाल सरकारबाट स्वीकृत भई मिति २०६६।६।२६ देखि लागू भएको छ । सम्पत्ति शुद्धिकरण निवारण कार्यलाई सर्वसाधारणले जानकारी राख्न सकुन् भन्ने उद्देश्यले सूचना प्रविधि विभागसँगको समन्वयमा इकाइको वेभ साईट तयार गरी सूचना उपलब्ध हुने व्यवस्था गरिएको छ ।

१३१. वित्तीय जानकारी इकाईले सूचक संस्थाहरूलाई तोक्नु पर्ने वित्तीय विवरणका विभिन्न ढाँचा तथा जारी गर्नु पर्ने निर्देशनका सम्बन्धमा आवश्यक निर्देशनहरूको मस्यौदा तयार गरी मिति २०६६।५।१ देखि बैंक तथा वित्तीय संस्था र मालपोत कार्यालयहरूको लागि लागू गरिएको छ । साथै मनिचेञ्जर, क्यासिनो, रेमिट्यान्स कम्पनीलाई

समेत मिति २०६६ मंसिर १६ गतेदेखि लागू हुने गरी सम्पत्ति शुद्धिकरण निवारण निर्देशन जारी गरिसकिएको छ ।

१३२. अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप एक देशको वित्तीय जानकारी इकाईको वित्तीय सूचना पारस्परिकताको आधारमा अर्को देशमा आदान प्रदान गर्न सक्ने संयन्त्रको निर्माण गर्ने क्रममा 9 July, 2009 मा श्रीलंकासँग समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने कार्य सम्पन्न गरिएको छ ।

१३३. सम्पत्ति शुद्धिकरण निवारणको सम्बन्धमा नेपालमा रहेका जोखिमहरूको अध्ययन गरी ती जोखिम कम गर्न तथा सम्पत्ति शुद्धिकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी रोक्ने सम्बन्धमा आवश्यक सुझाव दिन वित्तीय जानकारी इकाइका प्रमुखको संयोजकत्वमा एक जोखिम अध्ययन समिति गठन गरिएको छ ।

१३४. बैंक तथा वित्तीय संस्थालाई अधिक वित्तीय बोझबाट मुक्त तथा सुरक्षित राख्न, गैर-बैंकिङ्ग सम्पत्तिको सरल, सहज र व्यवस्थित पुनर्संरचना गर्न, वित्तीय सम्पत्ति उपर उपयुक्त धितोपत्र जारी गरी थप पूँजी संकलन तथा परिचालन गर्न तथा पूँजी बजारलाई थप क्रियाशील बनाई मुलुकको समग्र आर्थिक स्थिति मजबुत गर्न थप सहयोग पुऱ्याउने उद्देश्यले वित्तीय सम्पत्तिको पुनर्संरचना तथा धितोपत्रिकरण सम्बन्धी विधेयक, २०६६ को मस्यौदा गर्ने कार्य सम्पन्न गरिएको छ ।

१३५. नेपाल र विदेशी मुलुकका बीच फौजदारी प्रकृतिका कसुरको अनुसन्धान तहकिकात तथा कानूनी कारवाहीको सिलसिलामा पारस्परिक सहयोग आदान प्रदान गर्न पारस्परिक सहयोग (फौजदारी कसूर नियन्त्रण) विधेयक, २०६६ को मस्यौदा गर्ने कार्य सम्पन्न गरिएको छ ।

१३६. बैंकको सूचना प्रविधि क्षमता अभिवृद्धि गर्ने प्रमुख उद्देश्यका साथ विश्व बैंकको सहयोगमा वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत IT Reengineering को कार्य विगतमा प्रारम्भ भएकोमा सो कार्यले अपेक्षित सफलता हासिल गर्न नसकेको हुँदा बैंकले आफ्नै प्रयासमा IT क्षमता अभिवृद्धि कार्य अगाडि बढाएको छ । त्यस्तै, बैंकको Website लाई थप परिमार्जन गर्ने र बैंक तथा वित्तीय संस्थाबाट Online Data प्राप्त गरी Database निर्माण गर्ने कार्यका लागि आवश्यक Business Requirements तयार गरी खरिद प्रकृया अगाडि बढाइएको छ ।

१३७. शोधनान्तर महाशाखाको वैदेशिक व्यापार तथ्याङ्कमा HS Code प्रयोग हुने गरी Software बनाउन आवश्यक अध्ययन गरी सफ्टवेयर तयार गरी परीक्षणको क्रममा रहेको छ । बैंकिङ्ग कार्यालयसँग समन्वय गरी नेपाल सरकार तथा बैंकहरूले NRB website मार्फत् आफ्नो Account को ब्यालेन्स तथा Statement हेर्न र निकाल्न सक्ने व्यवस्था मिलाइएको छ ।

## उच्च अध्ययन, तालीम, गोष्ठी तथा सेमिनार :

१३८. बैंकमा कार्यरत कर्मचारीहरूको क्षमता, ज्ञान र सीपमा अभिवृद्धि गरी कर्मचारीहरूलाई बदलिंदो समय अनुसार योग्य, दक्ष र सक्षम बनाउनको लागि उनीहरूलाई बेलाबेलामा स्वदेश तथा विदेशमा सञ्चालन हुने विभिन्न तालीम, सेमिनार, गोष्ठी, बैठक, अध्ययन तथा अवलोकन भ्रमणहरूमा सहभागी गराउने सिलसिलामा २०६५ चैतदेखि २०६६ फागुनसम्ममा बैंकका विभिन्न तहका ३८९ जना अधिकृत तथा कर्मचारीहरूलाई विदेशमा सञ्चालन भएको सेमिनार, गोष्ठी, बैठक, सम्मेलन, अध्ययन भ्रमण तथा तालिमहरूमा सहभागी गराइएको छ ।

१३९. त्यस्तै, १ जना कर्मचारीलाई विदेशमा अध्ययन गर्न अध्ययन काज तथा १ जनालाई विदेशमा अध्ययन गर्न अध्ययन विदा प्रदान गरिएको तथा १ जना कर्मचारी स्वदेशको उच्च अध्ययन समाप्त गरी बैंक सेवामा फर्किएका छन् ।

१४०. त्यसैगरी विभिन्न संस्थाहरूले स्वदेशमा सञ्चालित सेमिनार, गोष्ठी, तालीम आदि कार्यक्रमहरूमा बैंकका ३५ जना कर्मचारीहरूले भाग लिएका छन् भने बैंकर्स प्रशिक्षण केन्द्रले सञ्चालन गरेका विभिन्न तालीमहरूमा बरिष्ठ अधिकृत स्तरका १०० जना, अधिकृतस्तरका १९३ जना र सहायकस्तरका १९० जना गरी जम्मा ४८३ जना अधिकृत तथा कर्मचारीहरूलाई तालिम प्रदान गरिएको छ ।

१४१. APRACA तथा नेपाल राष्ट्र बैंकको संयुक्त आयोजनामा मार्च २-५, २०१० मा IFAD- APRACA FinPower GreenFinance Forum विषयक अन्तर्राष्ट्रिय कार्यक्रम काठमाण्डौमा सञ्चालन भएको छ । त्यस्तै

19th SEACEN-FSI Regional Seminar on Liquidity Risk Management in Banks विषयक ४ दिने अन्तर्राष्ट्रिय तालिम कार्यक्रम मार्च ८-११, २०१० मा सम्पन्न गरिएको छ ।

१४२. सम्पत्ति शुद्धिकरण निवारण ऐन तथा यसले गरेको कानूनी व्यवस्थाको बारेमा सूचक संस्थाका कार्यान्वयन अधिकृतहरूलाई जानकारी गराई प्रभावकारी रुपमा वित्तीय सूचनाहरू वित्तीय जानकारी इकाइमा उपलव्ध गराउन बिभिन्न मितिमा काठमाडौं, विराटनगर, पोखरा र नेपालगञ्जमा गरी ७ वटा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । त्यस्तै Asia Pacific Group on Money Laundering का कार्यकारी निर्देशकको उपस्थितिमा विभिन्न सरोकारवाला संस्था, कार्यालय र सूचक संस्था समेतको प्रतिनिधित्व हुने गरी मिति २०६६।५।२४ र २५ मा दुई दिने कार्यशाला सञ्चालन गरिएको छ ।

## उपसंहार

१४३. न्यून आर्थिक वृद्धि, मूल्यमा चाप, निर्यातको खस्कंदो अवस्था, बढ्दो व्यापार घाटा, चालू खाता तथा शोधनान्तर घाटा, बैंकिङ्ग क्षेत्रमा तरलताको अभाव, बैंक तथा वित्तीय संस्थाको संख्यामा वृद्धिसँगै नियमन तथा सुपरिवेक्षणमा देखापरेका चुनौती आदि अर्थतन्त्रका प्रमुख समस्या हुन् । यी समस्या समाधानमा नेपाल राष्ट्र बैंक आफ्नो तर्फबाट प्रतिवद्ध रहने छ ।

१४४. नेपाल राष्ट्र बैंकको कार्यमा सघाउ पुऱ्याउने नेपाल सरकारका विभिन्न निकायहरू, निजी क्षेत्रका संघ संस्थाहरू, प्रवुद्ध वर्ग र दातृ निकायहरूलाई म यस अवसरमा धन्यवाद दिन चाहन्छु र भविष्यमा पनि सदाझैं यहाँहरू सबैको सहयोग यस बैंकलाई मिल्ने कुरामा आशावादी छु ।

१४५. अन्त्यमा, यस बैंकको सेवामा २० वर्ष अवधि पूरा गरी यस अवसरमा २० वर्षे सेवा पदक पाउनु हुने समस्त सहकर्मीहरूलाई हार्दिक बधाई दिन चाहन्छु । साथै, लामो समयसम्म बैंक सेवामा रही यो वर्ष अवकाश प्राप्त गर्नु भएका र अवकाश प्राप्त गर्ने क्रममा रहनु भएका कर्मचारीहरूले विगतमा पुऱ्याउनु भएको सहयोगको उच्च मूल्याङ्कन गर्दै अवकाश जीवन सुखमय रहोस् भन्ने कामना गर्दछु ।